# पहिलो परिच्छेद

## अध्ययनपत्रको परिचय

### १.१ विषयपरिचय

लोकगीत लोकसाहित्यको एक महत्त्वपूर्ण विधा हो । लोकगीत कुनैपनि देश,समाज,क्षेत्र र जातिको पहिचान गराउने सांस्कृतिक सम्पत्ति हो । यसमा लोकजीवनका दुःख-सुख, जय,पराजय,आशा निराशा, माया,पिरती र आस्था विश्वासँग सम्बन्धित अनुभूति तथा अनुभव आदि कुराहरूलाई सरल र सहज ढङ्गबाट प्रस्तुत गरिने बोधात्मक अभिव्यक्तिनै लोकगीत हो ।यसलाई लोकले गाउने गीत भनेर बुझिन्छ ।

लोकगीत संसारका सबै भागमा व्याप्त छ । संसारको कुनै पनिसमाज लोकगीत विहीन हुनसक्दैन । लोकगीतको विभिन्न प्रकारको स्वरूप,संरचना र गायन परम्परा रहेको पाइन्छ । लोकगीतलाई समान्यतया नेपालीका सामान्य गीतहरू र नेपालीका विशेष गीतहरू गरी दुई भागमा विभाजन गरिएको पाइन्छ ।सामान्य गीतहरू अन्तर्गत बाह्रमासे, घरगीत, रोदीघर, कौरा, सैरेली, ख्याली, झ्याउरे, देउडा, रोइला, सगिनी, सेलो, दोहोरी र जुहारी आदि पर्दछन् भने नेपालीका विशेष गीतहरू अन्तर्गत धार्मिक गीतहरू,संस्कार गीतहरू, पर्वगीतहरू,श्रमगीतहरू पर्दछन् । यी सबै विशेष गीतहरू बैतडी जिल्लाको सित्तड क्षेत्रमा प्रचलित छन् । यी गीतहरू मध्ये यस क्षेत्रमा संस्कार गीतहरूलाई अत्यन्त महत्त्वका साथ लिने गरेको पाइन्छ ।

मानिसको जन्मदेखि मृत्युसम्म विभिन्न संस्कारहरू हुन्छन् । यी संस्कारहरू विभिन्न समुदायमा बेग्ला-बेग्लै किसिमले सम्पन्न हुन्छ ।त्यसैगरी बैतडी जिल्लाको सित्तड क्षेत्रमा पनि आफ्नै प्रकारको विशेषता पाइन्छ । छोराको जन्म, छैटी, न्वारन, अन्नप्रासन, छेवर, ब्रतबन्ध, विवाह संस्कार सम्पन्न गरिन्छ । यी संस्कारहरूमा गीतहरू अर्थात् फाग र सगुन गाउने गरिन्छ भने छोरीको पनि न्वारन, नाक, कान छेड्दापनि सगुन गाउने गरेको पाइएपनि खासगरेर छोरीको विवाहमा सगुनलाई विशेष महत्त्वका साथ गायन गरिन्छ ( बन्धु,२०५८, पृ. १५४) । सित्तड क्षेत्रमा प्रायःजसो सबै संस्कारमा संस्कार गीतहरू गाउने गरिएको पाइएपनि मृत्यु संस्कारमा भने गाउने गरिएको पाइँदैन । फाग तथा सगुनलाई यस क्षेत्रमा ब्राह्मणले गर्ने मन्त्रोच्चारण जत्तिकै पवित्र र महत्त्वपूर्ण मानिन्छ । त्यसैले यस क्षेत्रमा प्रचलित संस्कार गीतहरूको अध्ययन गर्न खोजिएको हो ।

## १.२ समस्याकथन

नेपाल एक बहुजातीय, बहुभाषिक,बहुसांस्कृतिक मुलुक भएका कारण हरेक समुदायका आ-आफ्नै रीतिरीवाज छन् । त्यसैगरी विभिन्न प्रकारका लोकगीतहरू प्रचलनमा रहेका छन् । बैतडी जिल्लाको सित्तड क्षेत्र लोकगीतका क्षेत्रमा धनी मानिएपनि यी गीतहरूको सङ्कलन र अध्ययन पाइँदैन । यसकारण प्रस्तुत अध्ययन निम्न समस्याहरूमा केन्द्रित रहकोछ :

(क) बैतडी जिल्लाको सित्तड क्षेत्रमा केकस्ता संस्कार गीतहरू प्रचलनमा रहेका छन् ?

(ख) यस क्षेत्रका संस्कार गीतहरूलाई केकसरी वर्गीकरण र विश्लेषण गर्न सकिन्छ ?

## १.३ अध्ययनको उद्देश्य

प्रस्तुत अध्ययनका उद्देश्यहरू निम्नलिखित रहका छन् :

(क) बैतडी जिल्लाको सित्तड क्षेत्रमा प्रचलित संस्कार गीतहरूको सङ्कलन गर्ने,

(ख) सङ्कलित संस्कार गीतहरूको वर्गीकरण र विश्लेषण गर्ने,

## १.४ पूर्वकार्यको समीक्षा

बैतडी जिल्ला लोकगीतका क्षेत्रमा अति सम्पन्न तथा उर्वर भूमिका रूपमा रहेको पाइन्छ । यति हुँदाहुँदैपनि लोकगीतहरूको उचित संरक्षण, संवर्धन र प्रचार प्रसार गर्न सकिएको छैन ।तैपनि केही प्रयासहरू भएका छन् ।एक महान पर्व गौरा भन्ने पुस्तक प्रकाशित भएको छ । उक्त पुस्तकमा गौरा पर्वमा गायन गरिने फागहरू र बैतडी क्षेत्रमा प्रचलित देउडा गीतहरूको सङ्कलन गरिएको छ ।

चूडामणि बन्धु (२०५८) द्वारा **नेपाली लोकसाहित्य** पुस्तकमा संस्कार गीतको सामान्य परिचय दिइएको छ । उक्त पुस्तकमा जन्मदेखि मृत्युसम्म विभिन्न संस्कारहरू हुन्छन् । छोरो जन्मेको छ दिनमा छैटी, दश दिनमा न्वारन गरिन्छ । केहीवर्षपछि छेवर गरिन्छ भने कतै-कतै छोरीहरूको नाक, कान छेड्ने र गुन्यू चोलो दिने चलनपनि हुन्छ । छोराको व्रतबन्ध हुन्छ त्यसपछि विवाह संस्कार हुन्छ । खासगरी विवाह संस्कार उल्लासकासाथ मनाइन्छ । जन्म, व्रतबन्ध रविवाह संस्कारहरू गर्दा नेपाली भाषाभाषीसमाजमा विशेषगरी मांगल, सगुन तथा फाग गाउने चलन छ । यी फागहरूमा

इष्टदेवताको आराधना, व्यक्तिको मङ्गलकामना र प्रसङ्गको पनि वर्णन हुने कुरा उल्लेख गरिएको छ ।

### १.५ अध्ययनको औचित्य

प्रस्तुत अध्ययनले बैतडी जिल्लाको सित्तड क्षेत्रमा संस्कार गीतका रूपमा रहेका फागहरूका बारेमा जिज्ञासा राख्ने लोकसाहित्यका विद्यार्थी, शिक्षक, अनुसन्धाता लाभान्वित हुनेछन् । प्रस्तुत अध्ययनले बैतडीका संस्कार गीत र अन्य भेगका नेपाली संस्कार गीतका बीचमा तुलनात्मक अध्ययन गर्न चाहनेहरूलाई पनि यसले थोरै मात्रामा भएपनि सहयोग गर्ने छ । विशेषगरी यस कार्यले लोप हुनलागेका परम्परादेखि चलिआएका फाग र सगुनलाई जीवित राख्न सहयोग पुऱ्याउने हुनाले औचित्यपूर्ण रहकोछ ।

### १.६ अध्ययनको सीमाङ्कन

प्रस्तुत अध्ययन बैतडी जिल्लाको सित्तड क्षेत्रमा प्रचलित संस्कार गीतहरूमध्ये व्रतबन्ध र विवाह संस्कामा गाइने फाग,सगुनको सङ्कलन, वर्गीकरण र विश्लेषणमा मात्र सीमित रहको छ ।

### १.७ सामग्री सङ्कलन र अध्ययन विधि

क्षेत्रीय अध्ययन विधिका माध्यमबाट समग्री सङ्कलन गरिएको छ । फाग सङ्कलन गर्दा सम्भव भएसम्म टेपरेकर्ड गरिएको छ र सम्भव नभएको अवस्थामा टिपोटका माध्यमबाट पनि सङकलन गरिको छ । सामग्री विश्लेषणका लागि पुस्तक, पत्रपत्रिका,लेखरचना, अध्ययनपत्र आदिलाई पुस्तकालय अध्ययनकार्यबाट सम्पन्न गरिएकोछ ।

### १.८ अध्ययनपत्रको रूपरेखा

प्रस्तुत अध्ययनपत्रको रूपरेखा निम्नानुसार रहको छ :

पहिलो परिच्छेद : अध्ययनपत्रको परिचय

दोस्रो परिच्छेद : बैतडी जिल्ला सित्तड क्षेत्रको सङ्क्षिप्त परिचय

तेस्रो परिच्छेद : सित्तड क्षेत्रमा प्रचलित संस्कार गीतको सङ्कलन

चौथो परिच्छेद : सङ्कलित संस्कार गीतको वर्गीकरण र विश्लेषण

पाँचौं परिच्छेद : सारांशर तथा निष्कर्ष

सन्दर्भ सूची

# दोस्रो परिच्छेद

# बैतडी जिल्ला सित्तड क्षेत्रको सङ्क्षिप्त परिचय

## २.१ पृष्ठभूमि

बैतडी जिल्ला नेपालको सुदूरपश्चिम प्रदेश नम्बर सातमा पर्ने एउटा पहाडी जिल्ला हो । विभिन्न साना ठूला पहाड खोच वेशीबाट निर्मित यो जिल्लाको पश्चिममा महाकाली नदीले सिमाना छुट्याएको छ । सो नदीको पारिपट्टि भारतको उत्तराखण्डको पिथौरागढ जिल्ला पर्दछ ।यसको उत्तरमा दार्चुला, पूर्वमा बझाङ र डोटी एवम् दक्षिणमा डडेल्धुरा जिल्लाहरू पर्छन् । यस जिल्लाको कुल क्षेत्रफल १४५९.१३ वर्ग किलोमिटर छ । जुन नेपाल अधिराज्यको कुल क्षेत्रफलको ०.६८%भूभाग पर्न आउँछ । कुलजनसंख्या २,५०,८९८जना जसमध्ये पुरुषको सङ्ख्या ११७४०७ र महिलाको सङ्ख्या १३३४९१ जना रहेको छ । साक्षरता ६२.९२% रहेको छ जसमा महिला साक्षरता ४९% र पुरुष साक्षरता ७९%रहेको छ (राष्ट्रिय जनगणना, २०६८) । नेपालको संघिय संरचना अनुसार यस जिल्लामा दशवटा स्थानीय तहहरू रहेका छन् । जसमध्ये दशरथ चन्द नगरपालिका, पाटन नगरपालिका, मेलैली नगरपालिका र पुर्चौडीनगरपालिका गरी चारवटा नगरपालिका र सुर्नया, सिगास, शिवनाथ, पञ्चेश्वर, डिलाशैनी र दोगडाकेदार गरी छवटा गाउँपालिका रहेका छन् ।

दोगडाकेदार गाउँपालिका १२६.३८ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको छ ।वि.सं.२०६८सालको जनगणनानुसार २४,६३२ जनसंख्या रहको छ । दोगडाकेदार गाउँपालिका साविकका रिम, कटैजपानी, सित्तड, श्रीकोट, देउलेक, श्रीकेदार, न्वाली गाउँविकास समिति र दशरथचन्द नगरपालिकाको वडा नम्बर १३ समायोजन भएर दोगडाकेदार गाउँपालिका बनेको छ । यस गाउँपालिकाको पूर्वमा पूर्चौडी नगरपालिका, पश्चिममा दार्चुलाको लेकम गाउँपालिका, उत्तरमा डिलाशैनी गाउँपालिका दक्षिणमा सुरनया र दशरथचन्द नगरपालिकाका केही भाग छोएको छ ।यो गाउँपालिकामा आठवटा वडा रहेका छन् । यी आठवटा वडाहरूमध्ये वडा नम्बर छमा सित्तड क्षेत्र पर्छ ।

सित्तडको नामाकरण बैतडी जिल्लाको नामाकरणसँगै मिल्दो जुल्दो रहेको पाइन्छ । वायु+उत्तड मिलेर वायोत्तडबाट अपभ्रशं भएर बैतडी नाम रहन गएको किम्बदन्ती रहको पाइन्छ ।त्यसै प्रकार सित्तडको नाम सिद्ध+तट मिलेर सिद्धतट भएको यसको अर्थ सिद्धनाथको

तट अर्थात् सिद्धनाथको भूमि भन्ने हुन्छ र यहाँका मानिसले यस ठाउँलाई सिद्धभूमि मान्दै आएको पाइन्छ । सिद्धतट शब्द अपभ्रंश भएर सित्तड नामाकरण भएको हो भन्ने किम्बदन्ति रहेको पाइन्छ(https://en.wikipedia.org/wiki/Baitadi_District)।

## २.२ भौगौलिक परिचय

दोगडाकेदार गाउँपालिको ६ नम्बर वडामा रहको यस क्षेत्रको साविकका गा.वि.स. हरू पूर्वमा रीम, पश्चिममा दार्चुला जिल्लाको शर्माली, उत्तरमा डिलाशैनी र दक्षिणमा श्रीकोटरहेका छन् । यहाँ घना जङ्गल रहेका छन् र पातलो छरिएको बस्ति छ । यो पहाडी क्षेत्र भएकाले यसको उच्च भागामा जाडो मौसममा हिमपातपनि हुन्छ । पाखोबारि र सिचाइको अभावमा अन्न उत्पादन कमै मात्रामा भएपनि विभिन्न प्रकारका फलफूलहरू पाइन्छन् । यस क्षेत्रको सिमानाका रूपमा चौलानी नदी, सनीगाड, जमाडीगाड र ढिकगाड रहेका छन् ।

## २.३ धार्मिक परम्परा र चाडपर्व

सित्तड क्षेत्रको धार्मिक परम्परालाई हेर्दा यहाँ हिन्दू धर्मावलम्बीहरूको बसोबास रहेको मानिन्छ । त्यसैले यस समाजमा हिन्दू पौराणिक देवी देवताको उपासना पद्धतिनै चलेको पाइन्छ । यसका अतिरिक्त क्षेत्र देवता र भूमि देवताको पनि यहाँ विशेष महत्त्व पाइन्छ । यसकारण प्रायः प्रत्येक डाँडा खोला,ताल, चौतारीमा कुनैन कुनै देवता भएको विश्वास गरिन्छ ।देवता रिसाएमा अनावश्यक दुःख पाइने र अतिवृष्टी, अनावृष्टी हन्छ भन्ने धारणा भएकाले देवीदेवताको पूजाआजामा विशेष महत्त्व दिने गरेको पाइन्छ । यस क्षेत्रमा विभिन्न देवीदेवताका मन्दिर रहेपनि मुख्य मुख्य यसप्रकार छन्: केदार, सिद्धनाथ, भूमिराज, मसानी, सूर्यपन्त, समैजी, भवानी, लटैनाथ आदि रहेका छन् । यी मन्दिरहरूमा वर्षमा दुई पटकसम्म जात्रा लाग्ने गर्छ ।

धार्मिकताका नाममा केवल पूजाआजा गर्नेमात्र नभई विभिन्न किसिमका सांस्कृतिक पर्वलाई पनि उत्तिकै महत्त्व दिइन्छ । यहाँ वर्षभरिमा विभिन्न चाँड पर्वहरू मनाइने गरिन्छ । जसमध्ये मुख्य-मुख्य चाँडपर्वरू यी हुन् :

(क) बीसु : यो चाँड वैशाख सङ्क्रान्तिका दिन मनाइन्छ । यो दिन बिहानै उठेर सम्भव भएसम्म खोला नदी वा तलाउमा गएर नभए घरैमा पनि बिष जा विष जा भन्दै नुहाउने गरिन्छ यसरी नुहाउँदा सबै किसिमका विकार नष्टहुने विश्वास रहेको छ ।

यस दिन मिठा मिठा खाना खाएर सिस्नो लगाएर रमाइलो गर्दछन् । यस दिन नाँच, गान र देउडा खेलेर रमाइलो गर्ने गरिन्छ ।

(ख) गौरा : सित्तड क्षेत्रमा गौरालाई निकै महत्त्व दिइन्छ । यस पर्वमा ऋण काडेर भएपनि नयाँ लुगा हाल्ने गरिन्छ । यस पर्वमा छोरीचेलीलाई माइती बोलाइन्छ । यो पर्व भाद्र शुक्ल पञ्चमीबाट सुरु भएर अष्टमीकादिन समाप्त हुन्छ । यस पर्वमा शिव र पार्वतीको पूजाआजा गरिन्छ ।

(ग) श्रीपञ्चमी : वसन्तपञ्चमीलाई श्रीपञ्चमी भनिन्छ । यस दिन बालबालिकालाई अक्षरारम्भ,नाक कान छेड्ने र अन्नप्रासन जस्ता कार्यहरू गराउने गरिन्छ । यसै दिन दमाईहरू घरघरमा गएर बाजा बजाइ वसन्त श्रवण गराउँछन् । अरू चाडमा जस्तै यसमापनि रमाइलो गरिन्छ ।

(घ) माघेसङ्क्रान्ति : सित्तड क्षेत्रमा माघे सङ्क्रान्तिलाई नरहरी भन्ने गरिन्छ । यस दिन बिहानै उठेर नुहाएर पुस मसान्तमा पकाएका मीठा मीठा रोटीहरू कागलाई दिने गरिन्छ । यस दिन बिहानै मन्दिर जाने र पूजापाठ गर्ने गरिन्छ । दिनभरि रमाइलो गर्ने देउडा खेल्ने गरिन्छ ।तीर्थव्रत, पाठपूजा यस महिनामा धेरै गरिने हुनाले यस महिनालाई धर्मिमहिना भनिन्छ ।

## २.४ यातायात र पूर्वाधार

भौगौलिकविकटताका कारणलेसबै गाउँ बस्तिलाई सडकसञ्जालले जोड्न नसकेपनि धेरै ठाउँमा सडक पुगेको र बाँकि ठाउँमा काम सुचारु भएकोछ । सडक सञ्जालमा जोडिएपनि पक्कि सडकले छोएको छैन । हालसम्मयस क्षेत्रमा बिजुली बत्ती भने पुग्न सकेको छैन । यो जिल्लामा शिक्षा, स्वास्थ्य, खानेपानी यातायात र सञ्चार जस्ता सेवासुविधाहरू क्रमशः विस्तार हुँदै गएका छन् ।

# तेस्रो परिच्छेद

# सित्तड क्षेत्रमा प्रचलित संस्कार गीतको सङ्कलन

## ३.१ फगारी निम्ताको फाग

सुवा न सुवा वनहरि सुवा,झानू सुवा झानू मंगलाचार
नउँलै न जान्नो गउँलै न जान्नो,काँ रे होलो मंगलाचार ?
स्वर्गलोक गाउँ होलो,मनोधरा नाउँ होलो,वाइरे होलो मंगलाचार ।
काँबाट झाउँ स्वर्गलोक,काँबाट झाउँ मन्तालोक?
सुनका साङलाबाट चल स्वर्गलोक,रूपाकी पानाली चल मन्तालोक ।
सुनका साङलाबाट स्वर्गलोक गइछ,साउँलाबेटी स्वर्गलोक गइन ।
जौद्दे दिदी मनोधरा,जिइरे बैना साउँला ।
मन्तालोकका के समाचार ?
मन्तालोक बडान जगेना लागे,दिय दिदी मंगलाचार ।
घट जपी लैझा बैना मंगलाचार,मुख लैझा भलो समाचार ।
घटकी जपी घटै रइब झाली,पाटी लेखी सिट्टी संसार ।
स्वर्गलोक है मंगल निउती ल्याइन,साउँला बेटी घर आइब गइन ।

स्रोत व्यक्तिः जानकीदेवी जोशी
उमेर : ५५ वर्ष
स्थान : बगिल्डा

## ३.२ सगुन

सगुना दिउरे निका बोल,सगुनु बोल
सगुन दे सरस्वती लगुन दे विरस्पति
बोल माय सगुन बोल ।
सगुनु बोल सरस्वती, लगनु बोल विरस्पति
बोल माय सगुन बोल ।
सरुघर सरस्वती बर्मा घर विरस्पती
राम घर सीतारानी राजूतपनी ।

स्रोत व्यक्तिः जानकीदेवी जोशी
उमेर : ५५ वर्ष
स्थान : बगिल्डा

## ३.३ नवग्रह पूजा गर्दाको फाग

बारन बरसैका नाङा हुन्ना आदित्य,खोजन्ना रातो बस्त्र दान ।
बारन बरसैका भोका हुन्ना आदित्य,खोजन्ना रातो अन्न दान ।
कइसी छ रागकी कैसी छ पागं,कइसी छ तरबार?
राती छ रागकी राती छ पाग,राती छ तरबार ।
बारन बरसैका नाङा हुन्ना चन्नरमा,खोजन्ना सेतो बस्त्र दान
कइसी छ रागकी कैसी छ पाग,कइसी तरबार?
सेती छ रागकी सेती छ पाग,सेती तरबार ।
बारन बरसैका नाङा हुन्ना मंगल,खोजन्ना रातो बस्त्र दान ।
बारन बरसैका भोका हुन्ना मंगल,खोजन्ना रातो अन्न दान ।
कैइसि छ रागकी कैसी छ पाग कैइसि छ तरबार ?
राती छ रागकी राती छ पाग,राती छ तरवार ।
बारन बरसैका नाङा हुन्ना बुध,खोजन्ना पेलो बस्त्र दान ।
बारन बरसैका भोका हुन्ना बुध,खोजन्ना पेलो अन्न दान।
कैइसि छ रागकी कैइसि छ पाग, कैइसि छ तरवार ?
बारन बरनसैका नाङा हुन्ना शनी,खोजन्ना कालो बस्त्र दान ।
बारन बरसैका भोका हुन्ना शनी,खोजन्ना कालो अन्न दान ।
बारन बरसैका नाङा हुन्ना केतु,खोजन्ना धुम्र बस्त्र दान ।
बारन बरसैका भोका हुन्ना केतु,खोजन्ना धुम्र अन्न दान ।

स्रोत व्यक्तिः जानकीदेवी जोशी
उमेर : ५५ वर्ष
स्थानः बगिल्डा,

## ३.४ सत्यनारायणको पूजा गर्दाको फाग

सत्यनारायण देउ पुजनाकी,केउइको सामान चाहिन्छ ?
सत्यनारायण देउ बर दिन्ना ।
गंगाको जल चाइयो, कपिलाको गहुंत चाइयो ।
सत्यनारायण देउ पुजन,केउको सामान चाइयो?
सत्यनारायण देउ वर दिन्ना ।
कपिलाको घिउ चाइयो, कपिलाको दइ चाइयो ।
चोखो भलो फल चाइयो ।
सत्यनारायण मनको इच्छायो दिन्ना ।
पञ्च पल्लव चाइयो,पञ्च मिठाइ चाइयो ।
चोखो भलो बस्त्र चाइयो,जोलान जनै चाइयो ।
सत्यनारायण मनको इच्छायो दिन्ना ।
दाखन दाडिम चाइयो,सन्तोला नरिवल चाइयो
सत्यनारायण मनको इच्छायो दिन्ना ।

स्रोत व्यक्तिः जानकीदेवीजोशी
उमेर : ५५ वर्ष
स्थान :बगिल्डा

## ३.५ केराको खम्बा रोकाउँदाको फाग

कौनले बाला तेरा खम्बा रोकायो,
कौनले खम्बा रोकिदियो ?
हमरा त बाबाज्यूले खम्बा रोकायो
जेठा कान्सा भयालुले खम्बा रोकिदियो ।
केउइका सुत्तुर हुन्ना केउइका डोर
केउइका रोकाइ हाल्यो खम्बा ?
सुनका सुत्तुर हुन्ना रूपका डोर
केलाडीका रोकाइ हाल्यो खम्बा ।

स्रोत व्यक्ति : विमला जोशी
उमेर : ३४ वर्ष
स्थान : बगिल्डा

## ३.६ मण्डप बनाउँदा र गणेश, कलश पुज्दाको फाग

जेठो भाइछ अरजुन कान्सो भाइ नारायण
बैना सउँला बेटी नाउँ छ ।
मन्तालोक बडान जगेना लागे, झानु सउँला जगेनाकी माटी ।
नउँलैन जाण्णो मुइत गउँलैन जाण्णो,काँरे होलो जगेनाको माटो ?
पीपल चौरडी होली जलथल पानी, वाइरे होलो जगेनाको माटो ।
सात तला धरतीको जग्गे माटो होलो, तोइरे माटो जगेनाकी चाइयो ।
दिय जीया दिय जीया सुन डाली रूपा कुटी दिय, मुइरे झानौ जगोनाकी माटी ।
सुनडाली रूपाकुटी सबैकी नाइपुग, लैझा बेटी लुवाइकी कुटी ।
माथ राख्यो चोया डाली बैली समाइ लुवाकुटी
चली गइन सउँला बेटी जगेनाकी माटी ।
पैलीकी सोट हान्यो आसन पास, दोसरी सोट धरती व्यौर पड्यो
साततला धरतीको जग्गे माटो गाड्यो
सउँला बेटी घर आइब गइन् ।
माथ राख्यो जग्गे माटो हात समाइ लुवाकुटी
सउँला बेटी घरै आइब गइन्
सुवा न सुवा वनहरी सुवा, झानु सुवा बरमा निउती ल्युनू ।
नउँलै न जाण्णो मुइत गउँलै न जाण्णो
कसु बरमा निउतो जगाइ आउँ
जयानन्द नाउँ होलो बसाली जसो गउँ होलो
उनै बरमा निउतो जगाइ उनुँ ।
ब्रह्माका घरी झाइत सोधापुछी भैछ । जिजमान घरी क्यौ काज्य पड्यो ?
गात पैऱ्यो ब्रह्माले मसिनो कपडा, माथ पैऱ्यो काशापुरी टोपी,
टाटु पैऱ्यो रुद्राक्षकि माला कोखी समाइ ब्रह्माले पुस्तक भार, बैली समाई आचमनिहार ।
ततिहैत बाला ब्रह्मा जिज्मानकी घरि, पुगिग्यान जिज्मान कि घरी ।
गंगाका जलैले काशापुरी गिलासैले छाल बरमा बहु छालि दिय ।
आस बरमा बस बरमा सुनाचौकी आसन, आसन बसी जग्गे थापी दिय ।
सुनाचौकी बसि झान्ना भूमिराज देवा, हमु दिय ब्रह्म आसन ।
आस बरमा बस बरमा रतनाकामली रतनाकामली बसी काज्य रोकी दिय ।
पुर बरमा पुर बरमा वेदिभली पुर, जगिन्दामा वेदि पुरि दिय ।

क्यौ उइको मैदा होलो क्यौ उइकी छडी होली कसो बरमा वेदि पुरि दिन्ना ?
गेरु गौंको मैदा होलो निङलाकी छडी, बाला बरमा वेदि पुरि दिन्ना ।
काकि उब्जी झालो गेरु गौको मैदा, काँरे उब्जी झालो निङलाकी छडी ?
पर्वत उब्जी झालो गेरु गौंको मैदा, शिखर धुरा निङलाकी छडी ।
काकि जरमी ग्यानु बाला बरमा, का उब्ज्यो बारै काणि वेद?
पूर्व दिशा पश्चिम दिशा उत्तर दिशा दक्षिण दिशा पुज बरमा चौखण्डी वेदी ।
पुरि पारि वेदिमाइत को देवा बसन्ना थाप बरमा गणेश कलेश ।
तेत्तिसकोटि देवामाइका गणेश कलेश बडा छन्, थाप बरमा गणेश कलेश ।
गणेश कलेशमाइका कोरे देवा जेठा हुन्ना कै देवा औतिर थापु कै देवा पैतिर ?
गणेश कलशमाइका गणेश देवा जेठा हुन्ना कलेश देवा कान्सा हुन्ना ।
गणेश देव औतिर थाप कलेश देवा पैतिर थाप ।
केउइकी बत्ती होली केउइको घिउ होलो, केरे माथी बत्ती बाली दिउँ ?
सपुरैको बत्ती होलो कपुरको घिउ होलो,सुना देडी बत्ती बाली दिय ।
काँ तमु गणेश देउको जरमन भयो, काँ तमु उजिया पुजिया ?
कैलाश हमरो जरमन भयो बरमाका जगेना पुजिया ।
केउइले गणेश उजायो पुजायो, केउइले गणेश छपयो ?
गंगाका जलले त नयायो धोयायो, सालीन अक्षताले पुजिया ।
केउइले गणेश उजायो पुजायो,केउइले गणेश छपायो ?
सालीन अक्षताले उजायो पुजायो, मारकिन कपडाले गणेश छपायो ।
काँ तमु कलश देउको जरमन भयोकाँ तमु उजिया पुजिया ?
गंगाकी नारी माइत जरमन भयो,बरमाका जगेना पुजियो ।
केउइले कलश नयायो धोयायो, केउइले कलश भरिया ?
गंगाका जलले नयायो धोयायो, गंगाका जलले भरिया कलश ।
केउइले कलश नयायो धोयायो, केउइले कलश सिंगाऱ्यो ?
गंगाका जलले नयायो धोयायो, दुबो न पिठायले सिंगाऱ्यो कलश ।
केउइले कलश उजायो पुजायो, केउइले कलश छपायो ?
सालीका अक्षताले उजायो पुजायो, लालबस्त्र कपडाले कलश छपायो ।
जाग बरमा जाग बरमा दियो जगाइ दिय, जगेन्दामा दियो जगाइ दिय ।
केउइकी बति होली केउइको घिउ होलो, केरे माथी दियो जगाई दिउँ ?
सपुरैको घिउ होलो कपुरको बति होलो, तामा देडी दियो जगाई दिय ।
काँकि उब्जी झालो कपुरबासि घिउ काँ होलो तामाको दिएडी,
काँरे उब्जी झालो सपुरैकि बाति ?
कपास भाडि उब्ज्यो सपुरैकी बाति, गावडी उब्जी झालो कपुर बासि घिउ ।
भोटन उब्जी झालो तामाकी दिएडी जगिनामा जगिरथ भयो ।
नै बत्ति बलनि नै घिउ गलनो बैसुन्नर विजाइ भयो अन्धकार ।
काँ उब्जन्ना दिय बैसुन्नर, पानी मथाइका दिप बैसुन्नर,
दिविन्द दिवन्निा जन्दिामाई छोडिन्ना पाउँ ।
जाग बरमा दियो जगाइ दिय ।
ठिण्काइकि ठसक झुलाइकी मसक हुन्ना, बरमा दिप बैसुन्नर,
जग बरमा दियो जगाई दिय जगिन्दामा दियो जगाई दिय ।

स्रोत व्यक्ति :रोहिनादेवी जोशी
उमेर : ६० वर्ष
स्थान : बगिल्डा,

## ३.७ बैसुन्नर(आगो)को फाग

रातीकी अद्यराती रातीकी रोहिणी राती, कुन्तामाई स्ववर्ण भयो ।
भुडुक्कै उठिन माईधुडुक्कै रोइन्, कुन्तामाई क्यौ दुःख रोइन ?
अगेनीका बैसुन्नर दवीछवी भ्यान, कुन्तामाई तसै दुःख रोइन ।
अगेनीका बैसुन्नर क्यौ घीन छिप्या ?
काठन कठिङ्गर अगेनीमाइ चुएछ, बैसुन्नर तसै घीन दव्या ।
पाउका पसिनाले अगेनामाइ दव्यो, बैसुन्नर तसै घिन दव्या ।
बालाको बरत रइग्यो बाली कन्या अव्यौ रइगै
बैसुन्नर बिजाइं भयो अन्धकार ।
दुधभात काचो रैग्यो बालाबरमा भोकाइ रैग्या
बैसुन्नर बिजाइं भयो अन्धकार ।
सुवा न सुवा वनहरि सुवा, भ्कानू सुवा बरमा खोजी ल्युनू ।
तमू तम बालाबरमा कोट बोलायो, तमू बरमा कोट हो चलाई ।
दुधभात काचो रइग्यो बालाबरमा भोका रैग्या
बैसुन्नर बिजाइं भयो अन्धकार ।
बालाको बरत रइग्यो बाली कन्या अव्यौ रइगै
गावडी चोख्युनी रैगै, देवता अपुजू रैग्या,
बैसुन्नर बिजाइं भयो अन्धकार ।
चल तमु बालाबरमा बैसुन्नर खोज ।
बैसुन्नर बिजाइं भयो अन्धकार ।
काखी समाइ वेद पुस्तक बैली समाइ बेत लउडी
चलिगया बालाबरमा बैसुन्नर खोज ।
एक पाइलो देली एक पाइलो खुटकुनी
गोठगवाडी हम्माइ गइछ ।
तम तनू बालाबरमा भलाभया भाव
यतिका भलाभाव बैसुन्नर हात ।
एक पाइलो पटकुनी अर्को पाइलो बटुली
दाइनो ढल्यो नाग बउँ बास्यो काग
तम तनू बालाबरमा भलाभया भाव
यतिका भलाभाव बैसुन्नर हात ।
नौं डाँडी छिडली उन हेऱ्यो
उभो चायो पुग्या गुसाइँ बादल मण्डल ।
बादल मण्डल है उन हऱ्यो
उभो चायो पुगे गुसाइँ तारा मण्डल ।
तारा मण्डल है उन हेऱ्यो उभो चायो
पुगे गुसाइँ सूर्जे मण्डल ।
सुर्जे मण्डल है उन हेऱ्यो उभो चायो
पुगे गुसाइँ काला खप्पर ।
काला खप्पर है उन हऱ्यो यभो चायो
पुगे गुसाइँ चन्नरमाइका लोक ।
जलथल पानी होलो पिपल चौरडी होली

पिपलका रुखमाथि बत्ती बलेकी
पिपलका फेदमुनी बालाबरमा वेद पढ्न लाग्या
बैसुन्नर छपैछपै लुक ।
फेदमुनी बालाबरमा सरैसर वेद पढ
पातका बैसुन्नर फेदी आइबसे ।
दुधभात काचो रइग्यो बालाबरमा भोका रैग्या
चल गुसाइँ बैसुन्नर मेरा मन्तालोक ।
मामा भान्जा बलद एकै रथ जोत्ता
तेरा मन्ता पापीलोग पापैको भार ।
सप्योरीत लाई दिउँलो बिप्योरीत छाडी दिउँलो
चल गुसाइँ बैसुन्नर मेरा मन्तालोक ।
मामा भान्जा जति एकै खाट सुत्ता
तेरा मन्ता पापी लोक पापैको भार
तेरा मन्ता झानैन झानो ।
इजाचेली गवाडी एकै भाँडा दुना
तेरा मन्ता पापैको भार ।
सप्योरीत लाइ दिउँलो बिप्योरीत छाडी दिउँलो
चल गुसाइँ बैसुन्नर मेरा मन्तालोक ।
इजाचेली ऐजोपैंचो बुवाचेला लेखोजोखो
तेरा मन्ता पापैको भार
तेरा मन्ता झानै न झानो
देउरानी जति आघा झान्नी जेठानी जति पाछा रन्नी
तेरा मन्ता पापैको भार ।
सप्योरीत लाइ दिउँलो बिप्योरीत छाडी दिउँलो
चल गुसाइँ बैसुन्नर मेरा मन्तालोक ।
सासू जति पान हाल्ली ब्वारी लडछड
तेरा मन्ता पापैको भार ।
सप्योरीत लाइ दिउँलो बिप्योरीत छाडी दिउँलो
चल गुसाइँ बैसुन्नर मेरा मन्तालोक ।
सासू जति पर्सो हाल्ली ब्वारी लडछड
तेरा मन्ता पापैको भार ।
सप्योरीत लाइ दिउँलो बिप्योरीत छाडी दिउँलो
चल गुसाइँ बैसुन्नर मेरा मन्तालोक ।
जेठो भाइ झाइ बोजो बोक कान्छो लठ्ठी टेक
तेरा मन्ता पापैको भार ।
सप्योरीत लाइ दिउँलो बिप्योरीत छाडी दिउँलो
चल गुसाइँ बैसुन्नर मेरा मन्तालोक ।
फेदीका बैसुन्नर हात आइबस्या
बैसुन्नर खुसी होइव गया ।
बौली समाइ लैझान्थ्यु त बौली जली झाली
बैसुन्नर काँ हाली लैझूँ ?
माथ राखी लैझान्थ्यु त माथ जली झालो

बैसुन्नर काँ हाली लैझूँ ?
काखी समाइ लैझान्थ्यु त काखी जली झाली
लेकहैत झुली ल्यास औलहैत ढुङ्गी ल्यास
बैसुन्नर तै रित लैझा ।

स्रोत व्यक्ति :रोहिनादेवी जोशी
उमेर : ६० वर्ष
स्थान : बगिल्डा

## ३.८ पितृलाई निम्ता गर्दाको फाग

आउनू भमरा आउनू भमरा हमू नेड आउनू
झानु भमरा पितर नियती ल्युनू
नउँलै नाइ जाण्णों मुइत गउँलै नाई पछ्याण्णों ।
कौन पितर निउँतो जगाइ आउँ ?
स्वर्गलोक जसो गउँ होलो कालु पण्डित नउँ होलो
तिनू पितर निउतो जगाइ आउनू ।
भमरी न भमरी मन्तालोक क्यौ काज्य पड्यो ?
मन्तालोक नाति पुतैको व्यौ पड्यो ।
तमू पितरौ मन्ता लोक चल ।
याई है मुई नजर लुलों याई है मुई आशिक दिउँलो
गरी दिनु नाति पुतैको व्यौ ।

स्रोत व्यक्तिः जानकीदेवी जोशी
उमेर : ५५ वर्ष
स्थान :बगिल्डा

## ३.९ जोगी हुँदा गाइने फाग

झोली न मेखला पइऱ्यो,रोडिङे डण्ड पइऱ्यो ।
मेरो बालो कनले जोगियो ?
असोज पालुङ बर्जे असोज सिरौला बर्जे
मेरो बालो कनले जोगियो ?
दशधारा दुध दिए दशमास लोइबोके
मेरो बालो कनले जोगियो ?
दशमास लोइबोके, दशभार कपडा कुइए
मेरो बालो कनले जोगियो ?
जेठका उमा बर्जे, खान नखानु बर्जे
छमासीको बालो अलडो अस्यानो
मेरो बालो कनले जोगियो ?

स्रोत व्यक्तिः जानकीदेवी जोशी
उमेर : ५५ वर्ष
स्थान : बगिल्डा

## ३.१० दीक्षा सुनाउँदाको फाग

बालाका बाबाज्यूले दीक्षा सुणायो, तुइरे बाला लोल सुणिरये ।
लोल सुणिरये बाला घट जपी रए, तुइरे बालो घट जपी रए ।
बालाका गुरुज्यूले दीक्षा सुणायो, तुइरे बालो लोल सुणिरये ।
लोल सुणिरये बाला घट जपी रए, तुइरे बालो घट जपी रए ।
बालाका बुबुज्यूले दीक्षा सुणायो, तुइरे बालो लोल सुणिरये
लोल सुणिरये बाला घट जपी रए, तुइरे बालो घट जपी रए ।
बालाका जेठाबाबाज्यूले दीक्षा सुणायो, तुइरे बालो लोल सुणिरये
लोल सुणिरये बाला घट जपी रए, तुइरे बालो घट जपी रए ।
बालाका काकाज्यूले दीक्षा सुणायो, तुइरे बालो लोल सुणिरये
लोल सुणिरये बाला घट जपी रए, तुइरे बालो घट जपी रए ।
बालाका दादाज्यूले दीक्षा सुणायो तुइरे बालो लोल सुणिरये
लोल सुणिरये बाला घट जपी रए, तुइरे बालो घट जपी रए ।

स्रोत व्यक्तिः जानकीदेवी जोशी
उमेर : ५५ वर्ष
स्थान : बगिल्डा

## ३.११ भिक्षा माग्दाको फाग

काँशीपुरको बडुवा छुँ बडुवाको आचार्य छुँ ।
एक भिक्षा दिअ मेरी माइ,
बडुवाको आचार्य छु सात गुरु पाल्ला छन् ।
एक भिक्षा दिअ मेरी माई,
एक भिक्षा मागि ल्याइथिइउँ गुरुबाले लैग्या
काँशीपुरको बडुवा छुँ बडुवाको आचार्य छुँ ।
दोसरी भिक्षा दिअ मेरी माइ
बडुवाको आचार्य छु सात गुरु पाल्ला छन् ।
दोसरीभिक्षा दिअ मेरी माइ
दोसरी भिक्षा मागि ल्याइथिइउँ गुरुबाले लैग्या
तेसरीभिक्षा दिअ मेरी माइ
तेसरी भिक्षा मागि ल्याइथिइउँ गुरुबाले लैग्या
काँशीपुरको बडुवा छुँ बडुवाको आचार्य छुँ ।
चौथी भिक्षा दिअ मेरी माइ
बडुवाको आचार्य छु सात गुरु पाल्ला छन् ।
चौथी भिक्षा मागि ल्याइथिइउँ गुरुबाले लैग्या
पाँचौ भिक्षा दिअ मेरी माइ ।

स्रोत व्यक्तिः जानकीदेवी जोशी
उमेर : ५५ वर्ष
स्थान :बगिल्डा

## ३.१२ विवाहको तयारीको फाग

कोरे गइथ्यो बाला तेरा डोलियाकी हाँट, कोरे लेइथ्यो पवनको जोलो ?
बज्याजति गइथ्या मेरा डोलियाकी हाँट, उनै लेइथ्या पवनको जोलो ।
कोरे गइथ्यो बाला तेरा डोलियाकी हाँट, कोरे लेइथ्यो जाङन सुतन ?
जेठाबाबा गइथ्या मेरा डोलियाकी हाँट, उनै लेइथ्या पवनको जोलो ।
कोरे गइथ्यो बाला तेरा डोलियाकी हाँट, कोरे लेइथ्यो कोरोन कपडा ?
बाबाजति गइथ्या मेरा डोलियाकी हाँट, उनै लेइथ्या पवनको जोलो ।
कोरे गइथ्यो बाला तेरा डोलियाकी हाँट, कोरे लेइथ्यो बगम्मरी कोट ?
काकाजति गइथ्या मेरा डोलियाकी हाँट, उनै लेइथ्या बगम्मरी कोट ।
कोरे गइथ्यो बाला तेरा डोलियाकी हाँट, कोरे लेइथ्यो जलहरी पाग ?
दादाजति गइथ्या मेरा डोलियाकी हाँट, उनै लेइथ्या जलहरी पाग ।
कोरे गइथ्यो बाला तेरा डोलियाकी हाँट, कोरे लेइथ्यो धार तरबार ?
उति कान्सो भाइलो गइथ्यो डोलियाकी हाँट, भाइलोइ लेइथ्या धार तरबार ।

स्रोत व्यक्तिः जानकीदेवी जोशी
उमेर : ५५ वर्ष
स्थान : बगिल्डा

## ३.१३ बेहुलाले आमासँग गहना माग्दाको फाग

दिय जीया दिय जीया कानका गुल्यउ, मुइरे झानौं धुलहेडी व्याउन ।
लैझा बाला लैझा बाला श्री किसन कानका गुल्यउ, दिइझा बाला दुदडीको मोल ।
गयाँ झाउँलो जीया मेरा गयाँ पिण्ण दिउँलो, वाइँरे होलो दुदडीको मोल ।
गयाँ झालै पुत मेरा आङ सुद्ध होलो, दुदडीको मोललै नाइ हुनो ।
दिय जीया दिय जीया टाँटकी हरेवा, मुइरे झानौं धुलहेडी व्याउन ।
लैझा पुत श्री किसन टाँटकी हरेवा, दिइझा पुत दुदडीको मोल ।
गयाँ झाउँलो जीया मेरा गयाँ खीर रे खोयौलो, वाइँरे होलो दुदडीको मोल ।
गयाँ झालै पुत मेरा खीरडी खोयालै, वाइरे होलो आङै सुद्ध तेरे,
दुदडीको मोललै नाइ हुनो ।
दिय जीया दिय जीया आङरे अङिया, मुइरे झानौं धुलहेडी व्यान ।
लैझापुत लैझापुत आङकी अङिया
दिइझा पुत दिइझा पुत दुदडीको मोल ।
बाबाकी बुहारी ल्याउँलो जेठकी रोस्यारी
वाइरे होलो दुदडीको मोल पुइरे होलो दुदडीको मोल ।
बाबाकी बुहारी लियालै जेठकी रोस्यारी, दुदडीको मोलूलै नाइ हुनो ।
दिय जीया दिय जीया बौलीका बौडन्न, मुइरे झानौं धुलहेडी व्याउन ।
लैझा पुत श्री किसन बौलीका बौडन्न, दिइझा पुत दुदडीको मोल ।
जीयाकी बुहारी लिउँलो पुसकी पन्यारी, पुइरे हालो दुदडीको मोल ।
जीयाकी बुहारी ल्यालै पुसकी पन्यारी, दुदडीको मोलूलै नाइ हुनो ।

स्रोत व्यक्तिः जानकीदेवी जोशी
उमेर : ५५ वर्ष
स्थान : बगिल्डा

## ३.१४ दुलाहा तयार हुँदाको फाग

शिर लेख बरामण चन्द्र र सुरिज,पिठ लेख पिठीका भयालु,
कुम लेख बरामण केदार भुमीराज, छाति लेख वेतवा बरामण
कोखी लेख बरामण कोखको बालो, पाय लेख धुलहेडी रानी ।
दायनहड काग बास्यो ।बाँयाहड नागु बस्यो,सनमुख गाई रमाइछ ।
बालामेरा भलाभगा भाव ।
खान बाला श्री किरशन दुदुभातु खानु, ल्याउनु बाला धुलहेडी ल्याउनु ।
बाबाकोन लडेलो मुइ श्री किशन बालो त, पाय चली भ्रानैन मण्डप ।
बाटाकी त लिउलो पुत हिउँलडा डोली, भ्रानू पुत धुलहेडी ल्याउनु ।
जीयाकोन लडेलो मुइ श्री किशन बालो त, पाय चली भ्रानैन मण्डप ।
लैभ्रा पुत श्री किशन हिउँलडा डोली, भ्रानू पुत धुलहेडी ल्याउनु ।
दिय जीया दिय जीया भूजैकी छाता दिय,
लैभ्रा पुत श्री किशन भूजैकी छाता लैभ्रा ।
ल्याउनु पुत धुलहेडी ल्याउनु ।

स्रोत व्यक्तिः जानकीदेवी जोशी
उमेर : ५५ वर्ष
स्थान :बगिल्डा

## ३.१५ दुलाहा आन्माउँदा गाइने फाग

आलचाल डोलीका इन्नर किन्नर बस्या, बीच डोली केदार, भूमिराजू
आलचाल डोलीका हीरामोती हार हुन्ना, बीच डोली श्री किरशन बालो
आलचाल डोलीका इन्नर किन्नरु हुन्ना, बीच डोली तेत्तीसै, पञ्चैकोटी देवा ।
ओरकि हेरन्छ बालो फरकि हेरन्छ, कति आया काकु र बाबा ।
ओरकि हेरन्छ बालो फरकि हेरन्छ, कति आया पिठीका भयालु ।
ओरकि हेरन्छ बालो फरकि हेरन्छ,कति आया इष्ट र मित्तुर ।
ओरकि हेरन्छ बालो फरकि हेरन्छ, कति आया गउँल्या भाइबैना ।
शिरैमाथि हुन्ना बाला चन्द्र र सुरीज तुइरे बालो नमसिकाररु गरे ।
उती पर होलो बाला हरवादी न्वालो,तुइरे बालो सन्या सनान गरे ।
उती पर होलो बाला वसुरे धारा हुन्ना, तुइरे बालोपानी जती खाए ।
उती पर होलो बाला बेसनको रुख, तुइरे बालो सेलजती बसे ।
उकाली ओराली बाला भोकु भ्राइ लागली, तुइरे बालो लड्डु च्युरा खाये ।
उती पर होलो बाला भागरथी गङ्गा, तुइरे बालो हातमुख धोए, घोडा पानी दिए ।
उती परह हुन्ना बाला नीर मन्दिर, तुइरे बालो नेजा भ्राइ चडाए, परिक्रमा गरे ।
उती पर होलो बाला अैराकी भ्राल, तुइरे बालो माथ नियडी हिटे ।
उती पर होलो बाला ससुराली घर, तुइरे बाला चतुर होइरए ।
हमु क्या चतुरु हुँला बुबु हमरा, हमु हँला चतुरका नाति ।
उती पर होलो बाला ससुराली घर, तुइरे बाला चतुर होइरए ।
चतुरु हुन्ना मेरा काकु र बाबा, मुइरे हुँलो चतुरैको पुतु ।
बाङ्गी चाक हुन्ना जेठुन साला, तुइरे बालो चतुर होइरए ।
चतुरु हुन्ना मेरा जेठा कान्छा भाइ, मुइरे हुँलो चतुरैको भाइ ।
गाबैकी मजेली हुन्ना सासूरे ससुरा, तुइरे बालो निउडी ढोग दिये ।

स्रोत व्यक्तिः जानकीदेवी जोशी
उमेर : ५५ वर्ष, स्थान : बगिल्डा

## ३.१६ जन्ती हिंडिसकेपछि गाइने फाग

दुदरुडि बालो मेरो पराइभूमि चल्यो, रक्षा गऱ्या केदारदेवा ।
दुदरुडि बालो मेरो पराइभूमि चल्यो, रक्षा गऱ्या भूमिराजदेवा ।
दुदरुडि बालो मेरो पराइभूमि चल्यो, रक्षा गऱ्या मसानदेवा ।
दुदरुडि बालो मेरो पराइभूमि चल्यो, रक्षा गऱ्या सूर्जपन्ज्यूदेवा ।
दुदरुडि बालो मेरो पराइभूमि चल्यो, रक्षा गऱ्या पञ्चकोटीदेवा ।
दुदरुडि बालो मेरो पराइभूमि चल्यो, रक्षा गऱ्या तेत्तिसकोटी देवा ।

स्रोत व्यक्ति : विमला जोशी
उमेर : ३४ वर्ष
स्थान : बगिल्डा

## ३.१७धुलीको अरक दिदाको फाग

कसुकी आगनी होली कसुकी पटकुनी होली, कसुकी पहुँची बऱ्यात ?
देवाकी आँगनी होली जसया पटकुनी, किरशनज्यूकी पहुँची बऱ्यात ।
हाय धुली हाय धुली रम्म,कइकी छ याँ धुलीरम्म ?
धुलीरम्म धुलीरम्म कोइ जन बोल्या,यो रे होली किरशन बऱ्यात ।
कसु घर सरस्वती कसु घर विरस्पति, कसु घर सीतारानी सियनी फलोस ?
वरमा घर सरस्वती विष्नु घर विरस्पति, राम घर सीतारानी सिउनी फलोस ।
गाबकी मजेलीहैत सीतारानी शोध, कसो आइछ किरशन बऱ्यात ?
जसिन डाँडाकी कोइराली फूल, उसी आइछ किरशन बऱ्यात ।
तति गर पण्डितैका दिया मेरा बाबा, कसु पैऱ्या जोलान जनै ?
किरशनज्यू पण्डितैका दिया मेरी कन्या, उनै पैऱ्या जोलान जनया ।
कति पर पण्डितैका दिया मेरा बाबा, कसु पैऱ्या गाथकी पगरी ?
किरशनज्यू पण्डितैका दिया मेरी कन्या, उनै पैऱ्या गाथकी पगरी ।
बस तमू बऱ्याती कुसुम सुवाडी, कुसुमैका हाँगा जन भाँच्या ।
कुसुमका फुल टिपी मथेउडा पैऱ्या, कुसुमैका हाँगा जन भाँच्या ।

स्रोत व्यक्तिः जानकीदेवी जोशी
उमेर : ५५ वर्ष
स्थान :बगिल्डा

## ३.१८गोडा धुँदाको फाग

छाल बुबु छाल आमा कन्याका पाउ छाल
कन्याका पाउ छाली शिरैमाथि ढाल ।
तती गऱ्या बुबुआमाको बैकुण्ठ बास
तमरा पितरको स्वर्गलोक बास ।
छाल बाबा छाल जीया कन्याका पाउ छाल
कन्याका पाउ छाली शिरैमाथि ढाल ।
तती गऱ्या बाबा जीयाको बैकुण्ठ बास

तमरा पितरको स्वर्गलोक बास ।
छाल जेठाबाबा छाल जेठाजीया कन्याका पाउ छाल
कन्याका पाउ छाली शिरैमाथि ढाल ।
तती गऱ्या जेठाबाबा जेठाजीयाको बैकुण्ठ बास ।
छाल दादा छाल बौजू कन्याका पाउ छाल
कन्याका पाउ छाली शिरैमाथि ढाल ।
तती गऱ्या दादाबौजूको बैकुण्ठ बास ।

स्रोत व्यक्ति : विमला जोशी
उमेर : ३४ वर्ष
स्थान : बगिल्डा

## ३.१९ लुगा लगाउँदाको फाग

पइरबाली पइरबाली आङ रे अङिया
आइरे पुग्यो लगनकी बार ।
पइरबाली पइरबाली घाँगरे घँगिया
आइरे पुग्यो लगनकी बार ।
पइरबाली पइरबाली माथरे मथेवा
आइरे पुग्यो लगनकी बार ।

स्रोत व्यक्ति : विमला जोशी
उमेर : ३४ वर्ष
स्थान : बगिल्डा

## ३.२० बेहुलालाई भित्र बोलाउँदाको फाग

हाल बरमा हाल बरमा अन्तर पटुका, आइरे पुग्यो लगनकी घडी
डाँक बाबा मधुपकि ज्वाई, आइरे पुग्यो लगनकी घडी ।
छालीङ छोलिङ दाखन दाडिम, दिय मेरा जीयाका हात ।
नाना घर जन्दिया बाबा, दिया बाबा पण्डितैका घरी
नाना घर दिया बाबा कन्याका लागन्ना सराप ।

स्रोत व्यक्तिः जानकीदेवी जोशी
उमेर : ५५ वर्ष
स्थान :बगिल्डा

## ३.२१ बेहुलासँग बेहुलीले लुगा र गहना माग्दाको फाग

दिय दिय धुलहेडा सिन्नुरे साडी, आइरे पुग्यो लगनकी घडी
दिय दिय धुलहेडा उरन घघीया, आइरे पुग्यो लगनकी घडी
दिय दिय धुलहेडा माथकी पछयौरी, आइरे पुग्यो लगनकी घडी
दिय दिय धुलहेडा बौलीका बौडन्न, आइरे पुग्यो लगनकी घडी
दिय दिय धुलहेडा कानका मतिउं, आइरे पुग्यो लगनकी घडी

दिय दिय धुलहेडा माथकी सिकिरी, आइरे पुग्यो लगनकी घडी
दिय दिय धुलहेडा टाटुकी हरेवां, आइरे पुग्यो लगनकी घडी
दिय दिय धुलहेडा नाककी नथेवा, आइरे पुग्यो लगनकी घडी ।

स्रोत व्यक्ति : विमला जोशी
उमेर : ३४ वर्ष
स्थान : बगिल्डा

## ३.२२ बेहुली मण्डपमा जाँदा गाइने फाग

पइर रानी पइर रानी आङन अङिया, चल रानी हमरा मण्डप
बुबुकी लडेली मुइ रुखबिना कसरी मण्डप चलुं ?
बुबुको लडेलो मुइ किरशन बालो, सात समुद्र छिङली आयो
पइर रानी सिन्नुरी साडी, चल रानी हमरा मण्डप ।
आमाकी लडेली मुइ रुखबिना कसरी मण्डप चलुं ?
आमाको लडेलो मुइ किरशन बालो, सात समुद्र छिङली आयो
पइर रानी टाटुकी हरेवा, चल रानी हमरा मण्डप ।
बाबाकी लडेली मुइ रुखविना कसरी मण्डप चलुं ?
बाबाको लडेलो मुइ किरशन बालो, सात समुद्र छिङली आयो
पइर रानी कनका मतेउ, चल रानी हमरा मण्डप ।
जीयाकी लडेली मुइ रुखबिना कसरी मण्डप चलुं ?
जीयाको लडेलो मुइ किरशन बालो, लेक डुङरी तुली मुइलै आयो
पइर रानी कनका मतेउ, चल रानी हमरा मण्डप ।
काकाकी लडेली मुइ रुखबिना कसरी मण्डप चलुं ?
काकाको लडेलो मुइ किरशन बालो, सात समुद्र छिङली आयो
पइर रानी कनका मतेउ, चल रानी हमरा मण्डप ।
दादाकी लडेली मुइ रुखबिना कसरी मण्डप चलुं ?
दादाको लडेलो मुइ किरशन बालो, लेक डुङरी तुली मुइलै आयो
पइर रानी नककी नथीया, चल रानी हमरा मण्डप ।
बौजूकी लडेली मुइ रुखबिना कसरी मण्डप चलुं ?
बौजूको लडेलो मुइ किरशन बालो, सात समुद्र छिङली आयो
पइर रानी सुनकी सिकिरी, चल रानी हमरा मण्डप ।

स्रोत व्यक्ति : विमला जोशी
उमेर : ३४ वर्ष
स्थान : बगिल्डा

## ३.२३ रुखबिनाको फाग

अखम रायकी रौतेली रुखबिना वियउनी होइरैछ ।
विखम रायकी बैना रुखबिना वियउनी होइरैछ ।
अजदल गजदल किरशनज्यू आया, रुखबिना उदिया सुरिजी
अजदल गजदल सिसैपाल आया रुखबिना विपीया भदेली

बाबाज्यूलै जेठाबाबाज्यूलै कुरडी सालन्ना रुखबिना किरशनज्यूका दिउँ ।
काकाज्यूलै दादाज्यूलै कुरडी सालन्ना रुखबिना सिसैपाल दिउँ ।
छाँटो आया छाँटो आया तम सिसैपाल पञ्चघडीको व्याको लगन ।
छाँटो आया छाँटो आया तम किरशनज्यू दुईघडीको व्याको लगन ।
बाबाज्यूले लाई हाल्यो कागचडो जोले
इजाज्यूले लाई हाल्यो सुवाचडो जोले ।
बाबाज्यूको लायो जोले बाटो झाइँत भूल्यो
इजाज्यूले लायो जोले बेगै पुगी गयो ।
सोलसय राधी मिली गंगा नान चले, हमू बुबु झाउँ कि नझाउँ ?
हमू के सोधनी बाली तम रुखबिना तमरा आमा सोध ।
सोलसय राधी मिली गंगा नान चले, हमू आमा झाउँ कि नझाउँ ?
हमू के सोधनी बाली तम रुखबिना तमरा जेठाबाबा सोध ।
सोलसय राधी मिली गंगा नान चले, हमू जेठाबाबा झाउँ कि नझाउँ ?
हमू के सोधनी बाली तम रुखबिना तमरा जेठाजीया सोध ।
सोलसय राधी मिली गंगा नान चले, हमू जेठाजीया झाउँ कि नझाउँ ?
हमू के सोधनी बाली तम रुखबिना तमरा बाबा सोध ।
सोलसय राधी मिली गंगा नान चले, हमू बाबाझाउँ कि नझाउँ ?
हमू के सोधनी बाली तम रुखबिना तमरा जीयाइब सोध ।
सोलसय राधी मिली गंगा नान चले, हमू जीया झाउँ कि नझाउँ ?
हमू के सोधनी बाली तम रुखबिना तमरा काकाइब सोध ।
सोलसय राधी मिली गंगा नान चले, हमू काका झाउँ कि नझाउँ ?
हमू के सोधनी बाली तम रुखबिना तमरा काकीब सोध ।
सोलसय राधी मिली गंगा नान चले, हमू काकी झाउँ कि नझाउँ ?
हमू के सोधनी बाली तम रुखबिना तमरा दादा सोध ।
सोलसय राधी मिली गंगा नान चले, हमू दादा झाउँ कि नझाउँ ?
हमू के सोधनी बैना तम रुखबिना तमरा बौजू ब सोध ।
सोलसय राधी मिली गंगा नान चले, हमू बौजू झाउँ कि नझाउँ ?
अघि लौणा जन चल्या पछि लैडा जन चल्या तम नन्दू माझ लौणा चल्या ।
किरशनज्यू रथमाइहै उन बौली दियो
रुखबिनाकी बउली समाइ रथमाइ राख्यो, किरशनज्यू गंगा नान चल्या ।

स्रोत व्यक्तिः जानकीदेवी जोशी
उमेर : ५५ वर्ष
स्थान : बगिल्डा

## ३.२४ विवाह गर्दाको फाग

बाद बरमा बाद बरमा आँचली गाँठो, आँचली गाँठो जन फुकौ ।
सुन न रूपयां हाली आंचली गाँठो पार, जोलानरूपयां हाली आंचली गाँठो पार,
जोलान जनै हाली आंचली गाँठो पार, आँचली गाँठो जन फुकौ ।
बाद बरमा बाद बरमा कम्मर व्यास्याडो, आइरे पुग्यो लगनकी बार ।
कसु साँची राखी बाध्या, कसु साँची राखी साँच्या ?
वेदवा वामन राखी व्यासाडो बधाया, यिनै राखी लगन सधाया ।

पैलिकी भमरी रिटी भुयां आइछ, अझै बाली मयाडीका कोल ।
दोसरी भमरी रिटी भुयां आइछ, अझै बालीग गोरुकी ग्वाली ।
कोरे तेरा रुखबिना लया दिइ देलो, कोरे तेरा अगेरी हुमलो ?
आफै हमी रुखबिना भमरी रिटंलो, आफै हमी अगेरी हुमला ।
तेसरी भमरी रिटी भुयां आइछ, अझै बालीग गोरुकी ग्वाली ।
चौथी भमरी रिटी भुयां आइछ, अझै बालीग संगिनिका साथ ।
कोरे तेरा रुखबिना लया दिइ देलो, कोरे तेरा अगेरी हुमलो ?
आफै हमी रुखबिना भमरी रिटंलो, आफै हमी अगेरी हुमला ।
पिठीको भयालो हमरा लया दिई देलो ।
पाँचौ भमरी रिटी भुयां आइछ, अब बाली पराइका कोल ।
जेठु जेठाना तमू परपर सर, अब भयो तमरी बहुरानी ।
सासु ससुरा वरवर सर अब भयो पुतकी बुहारी
पैरपैर सिन्दुरु पइर, पइरयो सिन्दुर जर्मइलाई रौं ।
चाख चाख धुलहेडा गुडकी न मधु,
गुड जति गुलिया भया, मउ जति मयालू
चाख चाख धुलहेडा गुडकी न दइ,
गुड जति गुलिया भया, दइ जति दयालू ।
हेर हेर धुलहेडा धुरुबतारा हेर,हेर हेर धुलहेडी धुरुबतारा हेर,
आज भैछ लगनकी बार ।
सय भारा तिलजौंको हुम होमाइछ,तमूद देव केदार शुभ दाइना भया ।
गाईका घियको हुम होमाइछ, तमूद देव केदार शुभ दाइना भया ।
सय भारा तिलजौंको हुम होमाइछ, तमूद देव भूमिराज शुभ दाइना भया ।
गाईका घियको हुम होमाइछ, तमूद देव मसान शुभ दाइना भया ।
सय भारा तिलजौंको हुम होमाइछ, तमूद देव तेत्तिसकाटी शुभ दाइना भया ।
गाईका घियको हुम होमाइछ,तमूद देव पञ्चकोटी शुभ दाइना भया ।

स्रोत व्यक्तिः जानकीदेवी जोशी
उमेर : ५५ वर्ष
थान : बगिल्डा

## ३.२५ बसुधारा ढाल्दाको फाग

हात सेली पात सेली, उना सेली कुना सेली
सुन सेयली दियलीमा बस ।
के उइकी सियली होली, के उइकी दियली ?
कैनैले बसुधारा ढाल्यो?
सुनकी सेयली होली रूपाकी दियली ,
स्वर्ग इन्नर हुन्ना पताल बरमा, बरमाले बसुधारा ढाल्यो ।

स्रोत व्यक्तिः जानकीदेवी जोशी
उमेर : ५५ वर्ष
स्थान : बगिल्डा

## ३.२६ गौदानको फाग

काँ तमू कपिला गाईको जरमन भयो, काँ तमू चरि टिपि खाया ?
कैलाश हमरोत जरमन भयो, मधुवन चरिटिपि खाया ।
काँ तमू कपिला गाईको जरमन भयो, काँ तमू ठण्डो नीर खाया ?
कैलाश हमरोत जरमन भयो, गंगाजीका नारीमा ठण्डो नीर खाया ।
कपिलाइको पाउ छाली शिरमाथि हाल, तमरो बाबा बैकुण्ड बास ।
कपिलाइको शिरमाथि जल चढाइदिय, तमरो बाबा बैकुण्ड बास ।
कपिलाइका पाउमाथि भेटी चढाइदिय, तमरो बाबा बैकुण्ड बास ।
कपिलाइका कन्नमाथि पूजा लगाइदिय, भेटी चढाइदिय ।
तमरो बाबा बैकुण्ड बास
कपिलाइका पुछमाथि पूजा लगाइदिय, भेटी चढाइदिय
तमरो बाबा बैकुण्ड बास ।
सुनकी सिडौरी होली रूपाकी खुरौडी, पिठी गाईका पिताम्बर छाप ।
कपिलाइका वरिपरि पञ्च परदक्षिणा गर ।
तति गऱ्या बाबा जीयाको बैकुण्ड बास ।
पितरु उद्धार हुन्ना देवता खुलास, तमरो बाबा बैकुण्ड बास ।
घोडा दान गर बबा हात्ती दान गर बबा,गाई गोठ गौलडी दान ।
सुना दान गर बबा रूपा दान गर बबा,गाई गोठ गौलडी दान ।
दान न दान माइको कोरे दान ठूलो होला
दान न दान माइको कन्या दान ठूलो होला ।
एकै कन्या दानैले बाबाका पितरु स्वर्गलोक ग्यान,
सातैतला सिढी माथि ग्यान् ।
एकै कन्या दानैले बाबाका पितरु बाबा बैकुण्ड बास ।

स्रोत व्यक्तिः जानकीदेवी जोशी
उमेर : ५५ वर्ष
स्थान :बगिल्डा

## ३.२७ बेहुलीपठाउँदाको फाग

हिउँलडा डोली मेरी देली झुकीरैछ, चल रानी डोली माथि चल ।
बाबाज्यूकी सुना देली उजन्छुँ पुजन्छु बाबाज्यूकी मागन्छूँ आशिष ।
हिउँलडा डोली मेरी देली झुकीरैछ, चल रानी डोली माथि चल ।
इजाज्यूकी सुना दाली उजन्छुँ पुजन्छु इजाज्यूकी मागन्छूँ आशिष ।
हिउँलडा डोली मेरी देली झुकीरैछ, चल रानी डोली माथि चल ।
बुबुज्यूकी सुना देली उजन्छुँ पुजन्छु बुबुज्यूकी मागन्छूँ आशिष ।
हिउँलडा डोली मेरी देली झुकीरैछ, चल रानी डोली माथि चल ।
आमाज्यूकी सुना देली उजन्छुँ पुजन्छु आमाज्यूकी मागन्छूँ आशिष ।
हिउँलडा डोली मेरी देली झुकीरैछ, चल रानी डोली माथि चल ।
जेठाबाबाज्यूकी सुना देली उजन्छुँ पुजन्छु जेठाबाबाज्यूकी मागन्छूँ आशिष ।
हिउँलडा डोली मेरी देली झुकीरैछ, चल रानी डोली माथि चल ।
जेठाजीयाज्यूकी सुना देली उजन्छुँ पुजन्छु उनकी मागन्छूँ आशिष ।

हिउँलडा डोली मेरी देली झुकीरैछ, चल रानी डोली माथि चल ।
काकाज्यूकी सुना देली उजन्छुँ पुजन्छु काकाज्यूकी मागन्छूँ आशिष ।
हिउँलडा डोली मेरी देली झुकीरैछ, चल रानी डोली माथि चल ।
काकीज्यूकी सुना देली उजन्छुँ पुजन्छु काकीज्यूकी मागन्छूँ आशिष ।
हिउँलडा डोली मेरी देली झुकीरैछ, चल रानी डोली माथि चल ।
दादाज्यूकी सुना देली उजन्छुँ पुजन्छु दादाज्यूकी मागन्छूँ आशिष ।
हिउँलडा डोली मेरी देली झुकीरैछ, चल रानी डोली माथि चल ।
बौजूज्यूकी सुना देली उजन्छुँ पुजन्छु बौजूज्यूकी मागन्छूँ आशिष ।
छाड्या इजू छाड्या इजू तमरो देश डाँडो
छाड्या इजू मायाडीकी कोल ।
छाड्या इजू छाड्या मुइले सङ्गिनीको सात
छाड्या मुइले धुलीमाटी खेल ।
छाड्या इजू छाड्या मुइले मानीमाइका खाजा
छाड्या मुइल देलीमाइको बस्सू ।
कालालेक कालाधुरा एकली नाइझानो, लाइदे इजू पिठीको भयालु ।
पिठीको भयालु बाली सबैकि नाइ पुग, लाइरे दिउँलो जेठा कान्सा भाइ ।
कालालेक कालाधुरा एकली नाइझानो, लाइदे इजू पिठीको भयालु ।
पिठीको भयालु बाली सबैकि नाइ पुग, लाइरे दिउँलो काकु बाबु चेला भाइ ।

स्रोत व्यक्ति : विमला जोशी
उमेर : ३४ वर्ष
स्थान : बगिल्डा

## ३.२८ बुहारी भित्र्याउँदाको फाग

काँरेआइछ सयल बऱ्याती, काँरे बज्यो ढोलकी शब्द ?
नेणै आइछ नेणै सयल बऱ्याती, नेणै बज्यो ढोलकी शब्द ।
काँरे आइछ सयल बऱ्याती, काँरे आइछ कस्तुरी बास ?
नेणै आइछ नेणै सयल बऱ्याती, नेणै आइछ कस्तुरी बास ।
काँरे तमू जन्तीको चलिऔर भैछ, काँरे तमू पडिगैछ रात?
मथुरा नगरी है चलियौर आयौ,कनैया नगरी पडिगैछ रात ।
काँरे तमू जन्ती हातमुख धोया काँरे तमू सन्या सनान ?
गंगाकी नारीमाइ हातमुख धोया वसुधारा सन्या सनान ।
जइरे बाटो धुलहेडी चलिऔर आइन, उइरे बाटो भरिया कलश ।
जइरे बाटो धुलहेडी चलिऔर आइन, उइरे बाटो अक्षेता भरिया ।
जइरे बाटो धुलहेडी चलिऔर आइन, उइरे बाटो चिराग जलिया ।
भाइर निकल जीया निङ्लासैनी माई,तमरो पुत व्यौ रची ल्यायो ।
केरे पड्यो मनै चित्तरे कुचित्त,केरे पड्यो मनै वैराग ।
गावकी मजेली बसी जइती लेख्दीथ्यूं नाइरे सुण्या ढोलैको शब्द ।
गावकी मजेली बसी जइती सया पकुनीथ्यूं नाइरे सुण्या ढोलैको शब्द ।
सयभारी चाङलका अक्षता बनाया, बऱ्यातीकी गेडीलै नाइपुग्यो ।
चेलीरे चाकर हाता पानीरे बोकाया, बऱ्यातीकी छिटोलै नाइपुग्यो ।
सयभारी हलेदाको पिठायो बनाया, बऱ्यातीकी टीकोलै नाइपुग्यो ।

डोलीका त वरिपरी भरिया कलश, बीच डोली पुतन बुहारी ।
काँरे राखुं जीया मेरा दाइजाको भार,काँरे राखु दुलहेडी रानी ?
बाङ्गीचाक राख बाला दाइजाको भार, गावमजेली पुतन बुहारी ।
काँरे राखुं जीया मुइत पिठीका भयालु, काँरे राखुं पञ्च बऱ्याती ?
बाउनकी पांड राख पिठीका भयालु,पटकुनी राख बाला पञ्च बऱ्याती ।
काँरे राखुं जीया मुइत गाउन्या बजाउन्या, काँरे राखुं जोलान निशान ?
गाउन्या बजाउन्या बाला पटकुनी राख, वाइरे राख जोलान निशान ।
केउइकी खुट्कुणी होली, केउइकी पटकुनी, केउइको अभयभराण ?
सुनकी खुटकुणी होलीरूपाकी पटकुनी, मोतियाको अभयभराण ।
उकल बहु सुनवादी खुटकुनी चल बहु अभयभराण ।
कसरी चलुं मुई अभयभराण ?
देली लाग्यो नन्दैको घरो ।
छाड नन्दू छाड नन्दु देली हमरी हमुभ्कानौ जीउका भराण
छाड नन्दू छाड नन्दु देली हमरी तमू दिउँलो देलीको दान ।
चल बौजू चल बौजू जीयाका भणार हमु दिय देलीको दान ।

स्रोत व्यक्तिः जानकीदेवी जोशी
उमेर : ५५ वर्ष
स्थान : बगिल्डा

## ३.२९ दुलही भित्र पुगेपछि गाइने फाग

मुइत भन्थ्यु कसोहोलो सासूको भराण याँत ऱ्यानु बालावरामण ।
मुइत भन्थ्यु कसोहोलो सासूको भराण याँत ऱ्यानु पञ्च फगारी ।
मुइत भन्थ्यु कसोहोलो सासूको भराण याँत ऱ्यानु चाङलकी डाली ।
मुइत भन्थ्यु कसोहोलो सासूको भराण याँत ऱ्यानु केलौडिका खम्बा ।
मुइत भन्थ्यु कसोहोलो सासूको भराण याँत रैछ भिलिमिलिकार ।
थाप बाबा थाप जीया दैइ टीका थापि दिय ।
थापी टीका अगम्मरी होइरौ ।

स्रोत व्यक्ति : विमला जोशी
उमेर : ३४ वर्ष
स्थान : बगिल्डा

# चौथो परिच्छेद

## सङ्कलित संस्कार गीतको वर्गीकरण र विश्लेषण

यस परिच्छेदमा तेस्रो परिच्छेदमा सङ्कलित संस्कार गीतहरूलाईदुई भागमा वर्गीकरण गरी विश्लेषण गरिएको छ :

### ४.१ सामान्य फाग

सबै प्रकारका संस्कारहरू गरिँदा प्रयोग गरिने फाग सामान्य हुन्।जसअन्तर्गत फगारी निम्ताको फाग, सगुन,नवग्रह पूजा गर्दाको फाग, सत्यनारायणको पूजा गर्दाको फाग, केराको खम्बा रोकाउँदाको फाग,बैसुन्नरको फाग, मण्डप बनाउँदा र गणेश, कलश पुज्दाको फाग, पितृलाई निम्ता गर्दाको फाग उल्लेख गरिएको छ ।

#### ४.१.१ फगारी निम्ताको फाग

फगारी निम्ताको फागमा फाग गाउने महिलालाई निम्त्याउने कुरा गरिएको छ । फागबाट सुवालाई सन्देशबाहक चराको रूपमा प्रयोग गरिने प्रचलन रहेको पाइन्छ । किनभने यस फागमा सुगालाई मंगलवाणीको गायन गर्नेलाई बोलाएर ल्याउन आग्रह गरिएको छ तर सुगाले नाम, गाउँ थाहा नभएकाले फगारीहरू ल्याउन असमर्थता प्रकट गर्दछ । त्यसपछि साउँला नामक कन्या सुनको सिक्रीबाट स्वर्गलोक जान्छिन् र आफ्नी दिदीबाट मंगलवाणी बताइ दिन आग्रह गर्छिन् दिदीले मनमा मंगलवाणी र मुखमा शुभसमाचार लग भनेर भनेको पाइन्छ तर बहिनीले मनमा जपेर लगेमा मनमै रहने लेखेर लगेपछि सबै संसारलाई पुग्ने मनसायले लेखेर ल्याउँछिन् । यसरी फागहरू स्वर्गबाट आयातित हुन भन्ने कुरा यस फागमा उल्लेख गरिएको पाइन्छ, जस्तै :

मन्तालोक बडान जगेना लागे,दिय दिदी मंगलाचार ।
घट जपी लैझा बैना मंगलाचार,मुख लैझा भलो समाचार ।
घटकी जपी घटै रइब झाली,पाटी लेखी सिट्टी संसार ।
स्वर्गलोक है मंगल निउती ल्याइन ,साउँला बेटी घर आइब गइन ।

#### ४.१.२ सगुन

हरेक संस्कार गीतको प्रारम्भमा सगुन गाउने गरेको पाइन्छ । सगुनलाई सित्तड क्षेत्रमा सगुना र सगुन गाउने व्यक्तिहरूलाई सगुन्नारा भन्ने गरिन्छ । सगुनको अर्थ शुभभन्ने हुन्छ । यसमा शुभ होस्, आमा शुभ बोली दिनुहोस् भन्ने कुरा उल्लेख गरिएको छ

।सगुनमा सरस्वतीसँग सगुन र बृस्पतिसँग लगन मागिएको पाइन्छ जसको प्रयोग यसरी गरिएको छः

सगुन दे सरस्वती लगुन दे विरस्पति
बोल माय सगुन बोल ।

### ४.१.३ नवग्रह पूजा गर्दाको फाग

सित्तड क्षेत्रमा कुनै पनि शुभकार्य गर्दा नवग्रहको पुजन अनिवार्य मानिन्छ । यहाँ नवग्रहको पूजा गर्दापनि फाग गाउने चलन छ । सङ्कलित फागमा नवग्रहको स्वरूप परिचय र तिनले धारण गर्ने हतियारको समेत वर्णन गरिएको छ । लोकमन्त्रका सहायताले नवग्रहलाई मानवीय स्वरूपमा उभ्याएको छ । सूर्यको पूजा गर्ने प्रक्रियाबाट यस फागको आरम्भ भएको छ । यस फागमा सूर्यलाई रातो, चन्द्रमालाई सेतो, मङ्गललाई रातो, वृस्पतिलाई पहेलो, सुक्रलाई सेतो, शनिलाई कालो, राहुलाई कालोर केतुलाई ध्वाँसे रङ्गको अन्न, बस्त्र र हतियार चढाउने कुराको उल्लेख गरिएको छ । यसरी प्रत्येक ग्रहलाई चाहिने भिन्दा भिन्दै कपडा र उपभोग्य वस्तु चढाने कुरा फागम उल्लेख गरिएको छः

बारन बरसैका नाङा हुन्ना आदित्य,खोजन्ना रातो बस्त्र दान

### ४.१.४ सत्यनारायणको पूजा गर्दाको फाग

सित्तड क्षेत्रमा प्रायःजसो शुभकार्य गर्दा सत्यनारायणको पूजा गरेर कथा सुन्ने प्रचलन रहेको छ । सर्वप्रथम सत्यनारायणको पूजा गरेरमात्र अन्य कर्महरू व्रतबन्ध, विवाह आदि गर्ने चलन रहेको पाइन्छ । उक्त फागमा सत्यनारायणको पूजा गङ्गाजल, गहुँत, घिउ, दही, पञ्चामृत पञ्चपल्लब, फलफूल बस्त्र आदि सामग्रीद्वारा गरेर उनलाई खुसी तुल्याएमा उनले सबैको मनोकामना पूरा गर्नेछन् भन्ने जनभावना र आकाङ्क्षा प्रस्तुत छः

सत्यनारायण देउ पुजनाकी,केउइको सामान चाहिन्छ ?
सत्यनारायण देउ बर दिन्ना ।
गंगाको जल चाइयो, कपिलाको गहुंत चाइयो ।

### ४.१.५ केराको खम्बा रोकाउँदाको फाग

सित्तड क्षेत्रमा व्रतबन्ध तथा विवाहका लागि यज्ञमण्डप तयार गर्दा चारैतिर केराका थाम गाडिन्छन् । त्यसैसँग सम्बन्धित कुरा केराको खम्बा रोकाउँदाको फागमा वर्णन गरिएको छ । यस फागमा कसले खम्बा रोकायो र कसले खम्बा राकिकियो भनी सोधिएको

छ । बुबाले भनेर जेठा कान्छा भाइले सुना चाँदिको समेत प्रयागे गरेर मण्डप तयार गरेको कुरा उल्लेख गरिएको छ, जस्तैः

कौनले बाला तेरा खम्बा रोकायो, कौनले खम्बा रोकिदियो ?
हमरा त बाबाज्यूले खम्बा रोकायो,
जेठा कान्सा भयालुले खम्बा रोकिदियो

### ४.१.६ मण्डप बनाउँदा र गणेश, कलश पुज्दाको फाग

सित्तड क्षेत्रमा ब्राह्मण र कन्यालाई अधिक पवित्र मानिने कुरा मण्डप बनाउँदा र गणेश, कलश पुज्दाको फागबाट प्रष्ट हुन्छ । त्यसैले कुनस पनि संस्कार कर्म गर्दा यी दुवैको उपस्थिति अनिवार्य मानिन्छ ।पूजाआजाको सामग्री तयार गर्दा र पवित्र यज्ञमण्डप तयार गर्दा कन्यालाई नैअघि सारिने यहाँको चलनअनुसार यस फागमापनिजेठो भाइ अरजुन र कान्छो भाइ नारायणले पनि आफ्नी बहिनी सउँलालाई माटो ल्याउन आग्रह गर्दा कहाँबाट कसरी त्यसपछि दाजुले उनलाई पीपलको चौतारी र जलथल पानी भएको ठाउँको माटो ल्याउन आग्रह गरिएको कुरा फागमा यसरी व्यक्त गरिएको छ :

पीपल चौरडी होली जलथल पानी
वाइरे होलो जगेनाको माटो ।

यसरी यस फागलेमण्डपकालागि पवित्रठाउँको माटो ल्याएपछि सुगाद्वारा बाहुनलाई निम्त्याएको र बाहुनलाईकलात्मक मण्डप बनाएर धूपबत्ति बाली गणेश, कलशादिको पूजा गरिदिन आग्रह गरिएको प्रसङ्ग यस फागमा प्रस्तुत भएको छ ।

### ४.१.७ बैसुन्नर(आगो)को फाग

बैसुन्नर भनेको आगो हो । बैसुन्नरको फाग कुनै पनि कर्म सम्पनन गर्ने क्रम्मा हवन गर्दा गाइन्छ । यस फागमा पृथ्वीमा पहिले आगो थियो तर मान्छेले जथाभावी यर्दा आगो रिसाएर फेरि फर्केर स्वर्गमै गएकाले पृथ्वीमा सबै काम ठप्प हुन जाँदा ब्राह्मणले स्वर्गमा गएर अबदेखि पृथ्वीमा पापकर्म नगर्ने वचन दिएर आगोलाई पुनः पृथ्वीमा ल्याएको कथांश यस फागमा प्रस्तुत भएको छ ।

कुन्ता माईले सपनामा आगोलाई देखिन तर विपनामा आगोलाई नदेख्दा धुरुधुरु रोइन भन्ने प्रसङ्ग यस फागमा छ । पहिले भएको आगोमा जेपायो त्यही हालेर फोर खुट्टाको पसिना आदि पारेको हुनाले आगो लोप भएको कुरापनि यसमा प्रस्तुत छ । अग्नि देवता लुप्त भएपछि समाजमा सम्पूर्ण कर्मकाण्ड,संस्कारादि नै सम्पन्न गर्न नपाइने कुराको

उल्लेखपनि यहाँ छ । अग्नीबिना छोराको व्रतबन्ध रोकिएको, छोरीको विवाह रोकिएको, दूधभात काँचो रहेको, बालकबाहुन भोको रहेको हुनाले ब्राह्मणलाई आगो खोजेर ल्याउन फागमा यसरी उल्लेख गरेको :

दुधभात काचो रइग्यो बालाबरमा भोका रैग्या
बालाको बरत रइग्यो बाली कन्या अव्यौ रइगै
बैसुन्नर बिजाइं भयो अन्धकार ।
चल तमु बालाबरमा बैसुन्नर खोज ।

बाहुनले काखीमा वेदको पुस्तक र हातमा लौरो लिएर आगोको खोजमा प्रस्थान गर्दा शुभसङ्केत देखा परेको आगो पाइने विश्वास गरिएको छ । आगोको खोजिमा हिँडेका ब्राह्मण बाटोमा भेटिएका प्रत्येक व्यक्तिलाई आगोको बारेमा सोध्छन् । बाटोमा भेटिएका व्यक्तिहरू: घटाला (खोला तारिदिने मान्छे), पन्यारी (पानी भर्न आउने आईमाई), गाई, बाखा, भैंसी गोठाला आदिलाई प्रश्न गर्छन् र उनीहरूले भन्छन् धर्मात्माका लागि टाढाको पनि नजिक र पापीका लागि नजिकको पनि टाढा अर्थात् एक कोश टाढा छ । जाँदा-जाँदा धरै टाढा चन्द्रमाको लोकमा पुगेर त्यहाँ भएको पीपलको चौतारीमा बसेर धमाधम वेदपाठ गर्न थाल्छन् । यो देखेर अग्नि हाँसेर ब्राह्मणलाई जिस्काउन थाल्छन् । ब्राह्मणले मर्त्यलोक जाउँ भनेर आग्रह गर्दा तिम्रो मर्त्यलोकमा जाँदिन किनभने त्यहाँ पापपूर्ण कार्यहरू गर्दछौ, जस्तै आमा छोरीबीच ऐंचो पैंचो, बाबुछोरा लेखाजोखा, मामा भान्जा एकै ओछ्यानमा सुतेको, देउरानीले जेठानीलाई आदर नगरेको, सासू काम गर्ने बुहारी ठाँटले बसिराख्ने, दाजु भारी बोक्ने भाइ लठ्ठी टेकेर हिंड्ने, मामा भान्जा गोरु एउटै रथ जोतेको आदि । त्यसपछि वेदपाठी ब्राह्मणले यस्ता पापहरू अबदेखि गरिने छैनन् भन्ने विश्वास दिलाएपछि मात्र अग्नि मर्त्यलोकमा आएका हुन भन्ने कुरा यस फागमा उल्लेख गरिएको छ ।

यस फागले पृथ्वीमा अग्नि उत्पत्तिका सम्बन्धमा पर्याप्त प्रकाश पारेको छ ।सम्पूर्ण कार्यका लागि यसको अपरिहार्यताका साथै यसको उत्पत्तिसम्बन्धी रोचक प्रसङ्ग यस फागमा उद्घाटन गरिएको छ ।

### ४.१.८ पितृलाई निमन्त्रणा गर्दाको फाग

यस फागमा विवाह र व्रतबन्धमा इष्टमित्र र आफन्तलाई निमन्त्रणा गरेजस्तै पितृलाई समेत निमन्त्रणा गरेको छ ।पितृलाई निमन्त्रणा गर्न सन्देश बाहक प्राणीका रूपमा भमरालाई आग्रह गरिएको छ । भमराले आफूलाई पितृको नाम र गाउँ थाहा नभएको कुरा जनाउँछ ।

स्वर्गलोक गाउँ र कालु पण्डित नाम हो उनैलाई निमन्त्रणा गरेर आउन आग्रह गरिन्छ । त्यसपछि भमरा स्वर्गलोक जान्छ त्यहाँ पितृहरूले मर्त्यलोकमा के कार्य छ भनेर सोध्छन् । भमराले तपाईको नातिको विवाह छ गइदिनु पऱ्यो भन्छ तर पितृले  कार्य गर्नु म स्वर्गबाटै हेरुँला र आशिष दिउँला भनेको छ जसलाई फागमा यसरी उल्लेख गरिएको छ, जस्तै :

भमरी न भमरी मन्तालोक क्यौ काज्य पड्यो ?
मन्तालोक नाती पुतैको व्यौ पड्यो ।
तमू पितरौ मन्ता लोक चल ।
याई है मुई नजर लुलों याई है मुई आशिक दिउँलो ।
गरि दिया नाति पुतैको व्यै ।

## ४.२ विशेष फाग

कुनै संस्कार विशेषमा मात्र प्रयोग गरिने फाग विशेष फाग हुन् । जसअन्तर्गत व्रतबन्धको फाग र विवाहको फागगरी उल्लेख गरिएको छ । व्रतबन्धको फागअन्तर्गत जोगी हँदाको फाग, जनै र छाला पहिरदाको फाग, दीक्षा सुनाउँदाको फाग, भिक्षा माग्दाको फाग उल्लेख गरिएको छ । विवाहको फागअन्तर्गत विवाहको तयारिको फाग, बेहुलाले आमासँग गहना माग्दाको फाग, दुलाहा तयार हुँदाको फाग, जन्ती हिडेपछिको फाग, धुलीको अरक दिँदाको फाग,गोडा धुँदाको, लुगा लगाउँदाको, बेहुलालाई भित्र बोलाउँदाको, बेहुलासँग लुगा र गहना माग्दाको, बेहुली मण्डपमा जाँदाको, रुखबिनाको फाग, विवाह गर्दाको, बसुधारा ढाल्दाको,गौदानको, बेहुली पठाउँदाको, बुहारी भित्र्याउँदाको र दुलही भित्र पुगेपछि गाइने फागको विश्लेषण गरिएको छ ।

### ४.२.१ व्रतबन्धको फाग

#### ४.२.१.१ जोगी हुँदा गाइने फाग

व्रतबन्ध संस्कार गर्दा बटुकले जोगीको भेषधारण गर्नुपर्ने हुन्छ । बटुकले जोगीको भेषधारण गर्दा सित्तड क्षेत्रमा यस्तो भाव व्यक्त गरिन्छ। उक्त फागमा छोराले जोगीको भेषधारणको देखेर आमाको मनमा दुःख भएको भाव व्यक्त गरिएको छ । यहाँ आमाले छोरालाई ठूलो बनाउन आफूले धेरै दुःख खेपेको सिरौला, पालुङ्गो,उमा (काचो गहुंको बाला पोलेर बनाइएको खानेकुरा) बारेको, दश महिना पेटमा बोकेको दशधारा दुध दिएको जस्ता कामको सम्झना गरेकी छन् । यति गाह्रो बोहोरेर ठूलोबनाएको आफ्नो बालकलाई जोगी भएको देख्दा आमाको मन छियाछिया भएको देखाएर सम्पूर्ण आमा जगतकै मन छोराछोरीप्रति अतिनै संवेदनशील हुन्छ भन्ने कुरा देखाइएको छः

झोली न मेखला पइऱ्यो,रोडिङे डण्ड पइऱ्यो
मेरो बालो कनले जोगियो ?

### ४.२.१.२दीक्षा सुनाउँदाको फाग

गायत्री मन्त्र सुनाउँदा गाइने फागलाई यस अध्ययनमा दीक्षा सुनाउँदाको फाग भनर उल्लेख गरिएको छ ।बालकका बुबा, गुरु, बाजे, काकाले क्रमशः दीक्षा सुनाएको कुराको वर्णन र त्यस दीक्षालाई कानले सुनेर हृदयमा जपि राख्नु कहिल्यै पनि नबिर्सनू भन्ने उपदेश यसरी फागका माध्यमाबाट दिन खोजिएको छः

बालाका बाबाज्यूले दीक्षा सुणायो
तुइरे बाला लोल सुणिरये
लोल सुणिरये बाला घट जपी रए ।

### ४.२.१.३भिक्षा माग्दाको फाग

यस फागमा भिक्षामाग्ने बटुकले आफू काशीपुरमा भएका जोगीहरूको आचार्य भएको, आफूले सात जना गुरुलाई पाल्नुपरेको र मागेको पहिलो, दोस्रो, तेस्रो र चौथो भिक्षा गुरुबाले लगेको पाँचौं पटकको भिक्षा चाहिँ आफैले राखेको कुरा उल्लेख गरिएको कुरा फागमा यसरी व्यक्त गरिएको छः

काँशीपुरको बडुवा छुँ बडुवाको आचार्ये छुँ ।
एक भिक्षा दिअ मेरी माइ,
बडुवाको आचार्ये छु सात गुरु पाल्ला छन् ।

## ४.२.२ विवाह संस्कारमा गाइने फाग

### ४.२.२.१विवाहको तयारीको फाग

यस फागमा विवाहका लागि आवश्यक सामग्रीको जोरजाम गर्न कसकसले सहयोग गऱ्यो अर्थात् हाँटबाट बुबा, जेठाबुबा,काका, दादा र भाइले विवाहको लागि शरीरमा लगाउने लुगा, जनै, सुपारी,तरबार र पगरी ल्याएको कुरा फागमा यसरी देखाएको छः

कोरे गइथ्यो बाला तेरा डोलियाकी हाँट, कोरे लेइथ्यो जलहरी पाग ?
दादाजति गइथ्या मेरा डोलियाकी हाँट, उनै लेइथ्या जलहरी पाग ।

### ४.२.२.२ बेहुलाले आमासँग गहना माग्दाको फाग

यस फागमा बेहुलाले बेहुली लिन जान आमासँग गरगहना मागेको कुरा उल्लेख गरिएको छ । साथै यस फागमा आमालाई छोराले विवाह गरेर आफूलाई बिर्सनेपो होकि भन्ने आशंका लागेर छोरालाई सचेत गराउन दुधको मोल मागोको कुरा पनि उल्लेख

गरिएको छ । आमाले छोरालाई कानका मन्द्री, घाँटीको माला, हातका चुरा र अडिया लग मलाई दुधको मूल्य दिएर जाउ भनेको छ भने छोराले गयाँ गएर पिण्ड दिने, खिर खुवाउँला र राम्ररी कामदार बुहारी बिहे गरेर ल्याउँला त्यसैले दुधको मूल्य तिरिएला भनेको छ । आमाल गयाँ गएर पिण्ड दिए, खिर खुवाएर दुधको मूल्य नतिरिने यसले अङ्ग शुद्धमात्र हेने दुध अमूल्य भएको कुरा फागमा यसरी व्यक्त गरिन्छ :

दिय जीया दिय जीया कानका गुल्यउ,मुइरे झानौं धुलहेडी व्याउन ।
लैझा बाला लैझा बाला श्री किसन कानका गुल्यउ
दिइझा बाला दुदडीको मोल ।
गयाँ झाउँलो जीया मेरा गयाँ पिण्ण दिउँलो
वाईँरे होलो दुदडीको मोल ।

### ४.२.२.३ दुलाहा तयार हुँदाको फाग

यस फागमा दुलहाको कुरुन छेड्दा ब्राह्मणलाई शिरमा चन्द्र, सूर्य पिठ्युमा भाइ, कुममा केदार र भूमिराजदेवा, छातिमा ब्राह्मण, काखमा बालक र पाउमा दुलहीरानी लेख्न आग्रह गरिएको छ । दाँयातिर काग बासेको बाँयातिर नाग बसेको र सम्मुख गाई रमाएकाले शुभ साइत परेकाले दुधभात खाएर दुलही ल्याउन जाउ भनिएको छ । दुलहाले आफू आमा बुवाको प्यारो छोराहुँ हिडेर जादैन भनेको छ । आमा बुबाले हिउँजस्तो टल्कीने डोली र छाता लगेर दुलही लिन जाउ भन्ने कुरा फागमा यसरी प्रस्तुत गरिन्छ, जस्तैः

लैझा पुत श्री किशन हिउँलडा डोली,
झानू पुत धुलहेडी ल्याउनु ।

### ४.२.२.४दुलाहा आन्माउँदा गाइने फाग

दुलहा भित्रबाट तयार भएर डोलीमा बस्न जाँदा गाइने फाग हो । यस फागमा डोलीको छेउछाउमा इन्नर किन्नर, हिरामोतीका हार र डोलीको बीचमा केदार,भूमिराज तेत्तिसकोटी, पञ्चकोटी देवा र दुलाहा बसेको कुरा उल्लेख गरिएको छ । दुलाहाले जन्ती हिड्ने बेलामा बुबा, काका, भाइ, इष्टमित्र गाउँले कति आए भनेर अगाडि पछाडि हेरेको कुरा छ । यस फागको अन्त्यतिर स्थानीय भौगौलिक,सामाजिक स्थिति र चालचलनका बारेमा चर्चा गरिएको छ, जसअनुसार शिरमाथिका चन्द्र सूर्यलाई प्रणाम गर्नु, बाटोमा पानीको कुवा होला सन्ध्या स्नान गर्नु, त्यस पर पानीको धारा होला पानी पिएर जानु, पीपलको छायामा बस्नु, उकाली ओरालीमा भोक लाग्ला लड्डु च्युरा खानु, भागरथी गङ्गामा हातमुख धुनु र घोडा पानी दिनु, बाटामा मन्दिर होलान परिक्रमा गरेर नेजा

चढाउन र बाटो काँडा होलान शिर निहुराएर हिँड्न भनिएको छ । ससुराली घरमा जेठान सालाहरूले भुक्याउलान चतुर भएर बस्नु, भित्रि कोठामा सासु र ससुरा होलान उनीहरूलाई ढोग्नु भन्ने अर्ती उपदेश दिएको पाइन्छ । फागको नमुनाः

गाबैकी मजेली हुन्ना सासूरे ससुरा त,
तुइरे बालो निउडी ढोग दिये ।

### ४.२.२.५ जन्ती हिँडिसकेपछि गाइने फाग

सित्तड क्षेत्रमा जन्ती हिँडिसकेपछि पनि फाग गाउने चलन छ ।आमाको आफ्नो छोराछोरी जति ठूलो भएपनि सानै ठान्ने र आफ्नो अगाडि नदेख्दा चिन्तित हुने गरेको पाइन्छ । यस फागमा पनि दुलाहाकी आमाले आफ्नो बालक छोरा विरानो ठाउँमा गएकाले त्यसको रक्षागर्न विभिन्न देवीदेवताहरू केदार,भूमिराज, मसान, पञ्चकाटी र तेत्तिसकोटी आदि देवतालाई आह्वान फागमा यसरी गरिन्छः

दुदरुडि बालो मेरो पराइभूमि चल्यो, रक्षा गऱ्या केदारदेवा ।
दुदरुडि बालो मेरो पराइभूमि चल्यो, रक्षा गऱ्या भूमिराजदेवा ।

### ४.२.२.६ धुलीको अरक दिदाको फाग

यो फागमा जन्ती कन्या (बेहुली)को घरमा पुगेपछि सुरुमा कन्याका बाबुले बरको पूजा गर्ने विधिमा आधारित छ । यस फागको आरम्भमा धुमधामसँग धुलो उडाउँदै जन्ती आउँदै गरेको कुराको चर्चा छ । बेहुलालाई कृष्ण र विष्णु अनि बेहुलीलाई सीतारानी र सरस्वती भनिएको छ ।जन्तीको लस्कर गुँरासको फूल र कोइरालको फूलजस्तै रङ्गिचङ्गी तथा आकर्षक र सुन्दर छ भनी यस फागमा वर्णन गरिएको छ ।यस फागमा बेहुलीले बुबालाई आँगनमा आइपुगेको डोलीमा काँध दिन आग्रह गर्दा डोलीमा काँध दिने काम अरूले गर्लान तर म बेहुलालाई टीका लगाएर आरती गरेर भित्र्याउँछु भन्ने उत्तर दिएको छ । बेहुलीले आफ्नो विवाह ठूलो खानदानी घरको पण्डित केटासँग मात्र विवाह गरिदिन आग्रह गरेकी छन् । सानो घरमा दिएमा कन्याको पाप लाग्ला भनिएको छ । बेहुलीका बुबाले विद्वान्मात्र नभएर साक्षात कृष्ण जस्ता वरका हातमा तिमीलाई सुम्पनलागेको छु भनी छोरीलाई निश्चिन्त हुन आग्रहपनि यस फागमा यसरी गरिएको पाइन्छः

किरशनज्यू पण्डितैका दिया मेरी कन्या
उनै पैऱ्या गाथकी पगरी ।

### ४.२.२.७गोडा धुँदाको फाग

यस अध्ययनमा कन्याको गोडा धुँदा गाइने फागलाई गोडा धुँदाको फाग भनेर उल्लेख गरिएको छ। हिन्दु धर्ममा विभिन्न दानहरू मध्ये कन्यादानको महत्त्वपनि निकै ठूलो रहेको छ । यस फागमा कन्याले आफ्नो आमाबुबा, बाजेबजै, काकाकाकी, दाजुभाउजू र भाइलाई कन्याको गोडा धोएर शिरमाथि हालेमा बैकुण्ठ बास हुने र पितृहरूको स्वर्गलोकमा बास हुने कुरा फागमा यसरी देखाएको छ :

छाल बुबु छाल आमा कन्याका पाउ छाल
कन्याका पाउ छाली शिरैमाथि ढाल ।

### ४.२.२.८ लुगा लगाउँदाको फाग

यस फागमा लगनको समय आइसकेको हुनाले बेहुलीलाई नयाँ फरिया चोलो पछ्यौरा आदि लगाएर तयार होउ भनेर भनिएको पाइन्छ, जस्तै :

पइरबाली पइरबाली आङ रे अङिया
आइरे पुग्यो लगनकी बार ।

### ४.२.२.९बेहुलालाई भित्र बोलाउँदाको फाग

बेहुलालाई भित्र बोलाउँदाको फागमा बेहुलीले बेहुलालाई भित्र बोलाउन अनुरोध गरेको छ । आमाको हातमा फलफूल दिएर ज्वाँइको स्वागत गरियोस् भन्ने पनि व्यक्त गरिएको छ। यस फागमा एकातिर कन्याको घरमा जन्ती आइपुगेपछि बेहुलालाई घर भित्र बनाएको मण्डपमा बोलाउँदा गरिने विधिको चर्चा गरिएको छ भने अर्कातिर बेहुलीको इच्छा आकाङ्क्षा समेत व्यक्त गरिएको छ । बेहुलीले नाना घर जनदिया भन्ने भनाइले उसले कुलीन, सभ्य र सम्पन्न घरका व्यक्तिसँग आफ्नो विवाह होस् भन्ने इच्छा प्रकट भएको छ।

### ४.२.२.१० बेहुलासँग बेहुलीले लुगा र गहना माग्दाको फाग

सित्तड क्षेत्रमा विवाहमा कन्याका गोडा धुनभन्दा अगाडि माइतिपक्षका लुगा कपडा र गरगहना लगाउने चलन छ भने त्यसपछि अर्थात् बाहिरको मण्डपमा जानुभन्दा अगाडि चाहिँ बेहुला पट्टीका लुगा गरगहना मागेर बेहुलीलाई लगाई दिने चलन छ ।ती लुगा र गरगहना सिनुरीसाडी,अङिया, घगिया, पछ्यौरी, हातमा लगाउने बाला, घाँटिमा लगाउने माला, नाकमा लगाउने नथिया आदि सामान छिटो दिनु होस् लगनको समय आइसक्यो भनेर बेहुलीले फागमा यसरी भनेको पाइन्छ :

दिय दिय धुलहेडा टाटुकी हरेवां, आइरे पुग्यो लगनकी घडी
दिय दिय धुलहेडा नाककी नथेवा, आइरे पुग्यो लगनकी घडी ।

### ४.२.२.११ बेहुली मण्डपमा जाँदा गाइने फाग

बेहुलीलाई विवाह मण्डपमा लैजाँदा नयाँ लुगा गरगहना लगाई सिँगार पटार गरी लैजाने परम्परा सबै ठाउँमा भएजस्तै सित्तड क्षेत्रमा पनि यस्तै चलन रहेको छ । विवाह बेहुला बेहुलीका लागि नौलो र महत्त्वपूर्ण दिन भएपनि यो दिन बेहुलीका लागि अनौठो र दुःख लाग्दो दिनपनि हो । यस फागमा बेहुलाले बेहुलीलाई आफूले ल्याएका राम्रा राम्रा लुगा र गरगहना लगाएर मण्डपमा हिँड भन्दाखेरि मण्डपमा जान एकदमै दुःख र पीडा अनुभव भइरहेको भाव दुलहीले व्यक्त गरेको देखिन्छ । आमाबुबा, बाजेबजै, काकाकाकी, दाजुभाउजू सबैकी प्यारी म कसरी सबैलाई चटक्क छाडेर जाउँ ? भनी यहाँ दुलहीले आफू जन्मे हुर्केको ठाउँलाई छोड्न आफूलाई गाह्रो परेको कुरा उल्लेख गरेको छ । प्रतिउत्तरमा दुलहाले आफूपनि आमाबुबा, बाजेबजै, काकाकाकी, दाजुभाउजू सबैकी प्यारो भएर पनि दुर्गम तथा विकट बाटो हिडेर सात समुद्रपार गरेर तिमीलाई वरण गर्न आएको छु हिँड भनेर दुलहीलाई भनेको छ । यस फागमा बेहुला बेहुलीका स्वाभाविक, मार्मिक र संवेदनशील भावहरू यसरी व्यक्त गरिएका छन्:

पइर रानी पइर रानी आङन अङिया, चल रानी हमरा मण्डप
बुबुकी लडेली मुइ रुखबिना कसरी मण्डप चलुं ?
बुबुको लडेलो मुइ किरशन बालो, सात समुद्र छिङली आयो
पइर रानी सिन्नुरी साडी, चल रानी हमरा मण्डप ।

### ४.२.२.१२रुखबिनाको फाग

रुखबिनाको फाग दुलहा दुलही बाह्य विवाह मण्डपमा प्रवेश गर्दा गाइन्छ । यस फगमा रुखबिना रुक्मिणी हुन् । यस फागमा जेठा बुबा र बुबाले रुक्मिणी कृष्णलाई दिने कुरा गरेका छन् भने काका र दाजुले शिशुपाललाई दिने कुरा गरेका छन् । यस फागमा शिशुपाललाई पाँच घडिको र कृष्णलाई दुई घडिको लगन दिइएको छ । यसो गर्दा रुक्मिणीलाई शिशुपाल आउनु भन्दा अगाडिनै कृष्णले वरण गरिसकेपछि शिशुपालले केही गर्न नसकने कुरा झल्काएको छ । त्यसपछि रुक्मिणीले सोह्रसय राधीकाहरूसँग गंगामा गएर नुहाउन जाने इच्छा बाजेसँग व्यक्त गर्दा बाजेले बज्यैलाई बज्यैले जेठाबुबा, जेठाबुबाले, जेठीआमालाई जेठीआमाले बुबालाई सोध भनी सबैले क्रमशः आफू भन्दा कान्छालाई सोध्न सुझाव दिन्छन् । अन्तमा भाउजूले जानत जानु तर अगाडि पछाडि नहिडेर साथीको बीचमा हिँड्न सुझाएको छ । रुक्मिणीले कृष्णलाई मात्र चाहने भएकाले राधीकाहरूसँग गंगामा गएर नुहाउन जाने निहु गरेर घरबाट गएको र बाटामा कृष्णले रुक्मिणीलाई रथमा हालेर लगेको पौराणिक प्रसङ्ग यस फागमा पाइन्छ ।

यस फागमा कन्या र कन्याका संरक्षकहरूमा वरका बारेमा मतभेद हुनसक्ने कुरा फागमा प्रस्तुत छ । वास्तवमा कसैले जीवनमा राजषि सुविधालाई प्राथमिकता दिन्छन् भने कसैले उसको चारित्रकता र लोकप्रियतालाई हेर्छन् । यस फागमा कृष्ण जस्तो वर मिलोस भन्ने कामना गरिएको छ ।

### ४.२.२.१३ विवाह गार्दाको फाग

विवाह गर्दा दुलहा दुलहीको कम्मरमा बाँधिने लगनगाँठोलाई व्यासाडो भनिइको हो । व्यासाडोमा जनै, सुपारी, सुन बाँधेर ब्राह्मणलाई दुलहा दुलहीको कम्मरमा बाँधिर आग्रह फागमा यसरी गन्छि:

बाद बरमा बाद बरमा आँचली गाँठो, आँचली गाँठो जन फुकौ ।
सुन न रूपयां हाली आंचली गाँठो पार ।

यो फाग विवाह मण्डमा दुलहा दुलहीले अग्नीको परिक्रमा गार्दा गाइन्छ । यस फागमा प्रत्येक परिक्रमामा दुलहाले केहीन केही कुराको वचन दुलहीलाई दिन्छ भने दुलहीले पनि केहीन केही छाड्दै जान्छे । जस्तै आमाको काख, माइतीको गोरु गोठालो, सङ्गिनीको साथ आदि । यसपछि जुठो चाख्ने र ध्रुवतारा देखाउने कुराको पनि चर्चा गरिन्छ । जुठो चाख्दा गुड खाएर गुड जस्तै गुलियो मह जस्तै मायालू दही जस्तै दयालू हुन आग्रह गरिएको छ । दुलहाले दुलहीलाई हालिदिएको सिन्दूर जिन्दगिभरी रहोस् भन्ने शुभकामनापनि फागमा व्यक्त गरिएको छ । सिन्दूर हाले पछि जेठाजु पर्नेलाई परपर जानुहोस् भन्ने कुरा फागमा यसरी व्यक्त गरिएको छ:

जेठु जेठाना तमू परपर सर, अब भयो तमरी बहुरानी ।

### ४.२.२.१४बसुधारा ढाल्दाको फाग

बसुधारा ढाल्दाको फागमा जइँती बनाइ सकेपछि त्यसमा गरिएको तेलको अभिशेकका बारेमा चर्चा गरिएको छ । हात सेली पात सेली, उना सेली कुना सेलीसुन सेयली दैलामा बस भनिएको छ । केको सियली होला केको दैलो होला र कसले बसुधारा ढाल्यो ? भनेर प्रश्न गरिएको छ भनेसुनकी सेयली रूपाकी दियली स्वर्ग इन्द्र छन्, पताल बरमा, बरमाले बसुधारा ढाल्यो भन्ने कुरा उल्लेख गरिएको छ ।

### ४.२.२.१५गौदानको फाग

हिन्दू धर्म संस्कृतिमा गाईको महत्त्वपूर्ण स्थान रहेको पाइन्छ । सबै यज्ञहरूको पूर्णताका लागि गौदान गरिन्छ । कन्यादानलाई एक पवित्र कर्म मान्ने गरिन्छ । सित्तड क्षेत्रमा कन्यादान पश्चात् गौदान गर्ने चलन छ । गौदान गर्दा गाइने फागमा गाईलाई

कपिला भनेर सम्बोधन गरिएको छ । कैलाश पर्वतमा जन्मेर मधुवनमा हुर्केको पवित्र गाईको सर्वाङ्ग पूजा गरी पञ्चपरिक्रमा गरेमा पितृ उद्धार हुने, देवता खुसी र गौदान गर्नेको बैकुण्ठ बास हुनेकुरा उल्लेख गरिएको छ । त्यसपछि यस फागमा घोडा, हात्ती, सुन,चाँदी, भूमिदान अन्न दानमा सबै भन्दा ठूलो दान कन्यादान हो भन्ने कुरा उल्लेख गरिएको छ ।फागमा एक कन्या दानले बाबाका पितृ स्वर्ग गएका र साततला सिढी माथि गएका र एकै कन्या दानैले बाबाका पितृ बैकुण्ठ गएको कुरा फागमा यसरी प्रस्तुत गरिएको छः

दान न दान माइको कन्या दान ठूलो होला ।
एकै कन्या दानैले बाबाका पितरु स्वर्ग ग्यान
सातैतला सिढी माथि ग्यानू
एकै कन्या दानैले बाबाका पितरु बाबा तमरा पितरु बैकुण्ड ग्यान ।

### ४.२.२.१६बेहुली पठाउँदाको फाग

विवाहसम्बन्धी सम्पूर्ण कार्यहरू सकिएपछि बेहुलाले बेहुलीलाई डोलीमा बस्न आग्रह गरेर गाइने फागलाई यस अध्ययनमा बेहुली पठाउँदाको फाग भनेर प्रस्तुत गरिएको छ । बेहुलाले हिउँ जस्तो टल्किने डोली ढोकाको छेउमा छ, हिड डोलीमा बस घर जाउँ भनेर आग्रह गर्दा बेहुली चाहिँ आफ्ना पूजनीय र आदरणीय बुबाआमा, बाजेबजै, ठूला बुबाआमा, काकाकाकी, दाजुभाउजू आदि सबैको घरको दैलो पुजेर आशीर्वाद लिएपछि डोलीमा बस्ने भाव फागमा यसरी व्यक्त गरिएको छः

हिउँलडा डोली मेरी देली झुकीरैछ, चल रानी डोली माथि चल ।
बाबाज्यूकी सुना दाली उजन्छुँ पुजन्छु बाबाज्यूकी मागन्छूँ आशिष ।

यो फाग बेहुलीले डोली चढ्दा गाइन्छ । बेहुलीलाई पहिलो पटक माइतीघर छोड्नु पर्दा भइरहेको पीडा र छटपटि यस फागमा व्यक्त भएको छ । आफ्नो जन्मथलो,आमाको काख, साथी, काखमा राखेर खेलाउने गरेको सानो भाइ आदिलाई छोड्नु पर्दाको पीडाजनक अनुभूति यो फागमा व्यक्त गरिएको छ । बेहुलीलाई अन्माउँदा उसभित्र पैदा भएका छटपटि र बिछोडको पीडालाई मर्मस्पर्शी रूपमा यसरी व्यक्त गरिएको छः

छाड्या इजू छाड्या इजू तमरो देश डाँडो
छाड्या इजू मायाडीकी कोल ।

### ४.२.२.१७बुहारी भित्र्याउँदाको फाग

बेहुलाले बेहुलीलाई लिएर घर आइपुग्दा यस फागलाई प्रश्नोत्तर शैलीमा गाइन्छ ।यो फागले बेहुली लगेर घर पुग्नलागेको अवस्थाको चित्र खिच्न सफल भएको छ । सयौं जन्ती,

बाजागाजा, वेदपाठी बाहुन आदि कति आएर कहाँ पुगे भनी प्रश्न गरिएको छ भने ती सबै नजिकै पुगेको कुरापनि उल्लेख गरिएको छ । बाटोमा रातपर्दा कहाँ बासबसे ? सन्ध्या स्नान गरे ?भनी प्रश्न गरिएको छ भने उत्तरमा गङ्गामा स्नान,बसुधारामा सन्ध्या पूजा गरेर लड्डू र चिउरा खाए भनिएको छ ।

त्यसपछि यस फागमा आमा र छोरा बीचको संवादका केही अंश प्रस्तुत गरिएको छ । बेहुलाले छोराले विवाह गरेर ल्याउँदा किन बाहिर नआएको र किन चित्त दुखाएको भनी आमालाई सोध्छ । आमाले आफू खुसीनै भएको तर भित्र बसेर जइँती लेख्न लागेको, हलुवा पकाउन लागेकी हुनाले बाजाको आवाज नसुनेको कुरा उल्लेख गरिएको छ । आमाले सयभारी चामलको अक्षता बनाएको तर जन्तीलाई एक गेडापनि पुगेन, मैले सयभारी हलेदाको टीका बनाए जन्तीलाई टीकै पुगेन र चेलीबेटी र नौकरचाकरलाई पानी बोकाए तर जन्तीलाई एक थोपा पनि पानी पुगेन भनेर आफ्नो व्यस्तताका कारण स्वागतार्थ बाहिर आउन नसकेको कुरा रोचक वर्णन यस फागमा गरिएको छ । त्यसपछि बेहुलाले आमालाई बेहुली र दाइजाको भारी कहाँ राखु भनेर सोध्छ आमाले बुहारिलाई भित्र कोठामा र दाइजो बाहिरको कोठामा राख्नू,जन्तीलाई आगनमा राख्नू, दाजुभाइलाई घरको माथिल्लो तलामा, आगनमा गाउने बजाउने र बाजा राख्न अह्राएको छ । तत्पश्चात भित्र जाँदा नन्दहरूले बाटो छेकेको र भाउजूले बाटो छोडि देउ तपाईंलाई दान दक्षिणा दिउँला भनेको कुरा फागमा यसरी व्यक्त गरिएको छ :

छाड छाड नन्दु देली हमरी तमू दिउँला देलीको दान ।

### ४.२.२.१८दुलही भित्र पुगेपछि गाइने फाग

यस फागमा बुहारीको मनमा सासुको भण्डार के-कस्तो होला खुल्दुली भएको कुरा व्यक्त गरिएको छ । सासूको भण्डारमा बालकवरामण,पञ्चफगारी,चामलको भाँडा, केराकाखम्बा, झिलिमिलि बत्ति भएको कुरा उल्लेख गरिएको छ । त्यसपछिदुलहाले आफ्ना आमा बुबालाई दहि टीका लगाएर आशीर्वाद दिन आग्रह गरिएको छ । फगमा बुहारीको खुल्दुलीलाई यसरी व्यक्त गरिएको छ, जस्तैः

मुइत भन्थ्यु कसोहोलो सासूको भराण याँत ऱ्यानु बालावरामण ।
मुइत भन्थ्यु कसोहोलो सासूको भराण याँत ऱ्यानु पञ्च फगारी ।

# पाँचौं परिच्छेद

# सारांश तथा निष्कर्ष

## ५.१ सारांश

यस अध्यनको पहिलो परिच्छेदमा अध्ययनपत्रको परिचय, समस्याकथन, अध्ययनको उद्देश्य, पूर्वकार्यको समीक्षा, अध्ययनको औचित्य, अध्यनको सीमाङ्कन, सामग्री सङ्कलन र अध्ययनविधि प्रस्तुत गरिएको छ ।

दोस्रो परिच्छेदमा बैतडी जिल्लाको सित्तड क्षेत्रको सङ्क्षिप्त परिचय दिइएको छ । यसको नामाकरण, भौगोलिक परिचय, एतिहासिक परिचय, सामाजिक, धार्मिक सांस्कृतिक, शैक्षिक र यातायातको अवस्था आदिका बारेमा चर्चा गरिएको छ ।

तेस्रो परिच्छेदमा बैतडी जिल्लाको सित्तड क्षेत्रमा प्रचलित संस्कार गीतहरूको सङ्कलन गरिएको छ । यस अध्यायमा विवाह र व्रतबन्धमा गाइने फागहरूको वर्णन गरिएको छ ।

चौथो परिच्छेदमा सङ्कलित गीतहरूको वर्गीकरण र विश्लेषण गरिएको छ । यस परिच्छेदमा संस्कार गीतलाई दुई भागमा वर्गीकरण गरी विश्लेषण गरिएको छ ।

पाँचौं परिच्छेदमा अध्ययनपत्रको एकदेखि चौथो परिच्छेदसम्मको अध्ययन र विश्लेषणबाट प्राप्त कुरालाई उल्लेख गरिएको छ । अध्ययनबाट प्राप्त तथ्यहरूमा आधारित भई निष्कर्ष दिइएको छ ।

## ५.२ निष्कर्ष

बैतडी जिल्लाको सित्तड क्षेत्रमा प्रचलित संस्कार गीतको अध्ययन विषय शीर्षकमा केन्द्रित रहि यस क्षेत्रमा प्रचलित संस्कार गीतहरूको सङ्कलन गरी विश्लेषण गरिएको छ । नेपाली लोकगीतका क्षेत्रमा सित्तड क्षेत्र सम्पन्न भए तापनि यी गीतहरूको खासै अध्ययन विश्लेषण भएको पाइँदैन । यसर्थ यस अध्ययनपत्रमा निर्धारित क्षेत्रका विभिन्न संस्कारहरूमा गाइने फागहरूको सङ्कलन र विश्लेषण गरी ती फागहरूलाई संरक्षण र संवर्द्धन गर्न सकिने कुरा देखाउन खोजिएको छ ।

सित्तड क्षेत्रमा हरेक संस्कार कार्य गर्दा अर्थात् हरेक शुभ कार्यमा सगुन, फाग गाउने गरिन्छ । ती फागहरूमा सो कार्यको महत्त्व त्यसको सम्पन्न गर्ने विधिविधानको समेत उल्लेख गरिएको पाइन्छ । साथै यी फागहरूमा इष्टदेवको आराधना अर्थात् भक्तिभावको समेत प्रयोग भएको पाइन्छ । फागहरू मौखिक रूपमा मात्र प्राप्त भएकाले यी फागहरूको संरक्षण र संवर्द्धन आवश्यक देखिन्छ । यीसंस्कार गीतहरू लोप हुन सक्ने सम्भावना प्रबल देखिन्छ । विभिन्न संस्कारका अवसरहरूमा यी गीतहरूको सम्झना गरिए तापनि गाउनेहरूको अभावमा कतै कतै बुढीआमाहरूका मुखबाट केही अंशमात्र सुन्न पाईन्छ ।हाल आएर नयाँ पुस्ताको यस प्रतिको आकर्षण घट्दै गएको र आधुनिक गीत सङ्गीतप्रतिको बढ्दो मोहका कारण कालान्तरमा यी गीतहरू लोपहुने भएकाले सामाजिक सांस्कृतिक जागरणका माध्यमबाट युवा पुस्तालाई आकर्षण गर्नुका साथै यी गीतहरूलाई लेख्यरूप दिन आवश्यक देखिन्छ ।पहिले पहिले दुई दिने विवाह हुने गर्थ्यो भने हाल एक दिने विवाह हुने प्रचलन आएकाले यी फागहरू छोट्याएर खाली रित पुऱ्याउन मात्रै गाउने गरेको पाइन्छ ।

नेपाली लोकजीवनमा संस्कार गीतहरूको आफ्नै किसिमको मूल्यमान्यता रहेको पाइन्छ । यी गीतहरूका माध्यमबाट नैतिक शिक्षा प्रदान गर्न खोज्नुका साथै धार्मिक आस्था, इष्टदेवताको आराधना सामाजिक प्रतिष्ठा व्यक्तिको मङ्गलकामना र प्रसङ्गहरूको समेत वर्णन र समाजका आदर्श, यथार्थ, इच्छा र आकाङ्क्षा, विचार र भावलाई अभिव्यक्त गरिएको हुन्छ । यी गीतहरूको एक महत्त्वपूर्ण पक्ष साङ्गितिकता पनि रहेको पाइन्छ । यी गीतहरू मौखिक रूपमामात्र सीमित रहेकाले यी गतिहरू व्यक्ति पिच्छे फरक हुने हुनाले यिनको उचित संरक्षण संवर्द्धनमा ध्यान दिन नसकेमा यी गीतहरू लोप हुन सक्छन् । त्यसैले यी गीतहरूको संरक्षणगरी भावी पुस्ताका लागि अमूल्य सम्पत्तिको रूपमा हस्तान्तरण गर्न आवश्यक छ ।

# सन्दर्भ सामग्री सूची


बन्धु, चुडामणि, **नेपाली लोकसाहित्य**, काठमाडौं :एकता बुक्स प्रा.ली., २०५८ ।

भण्डारी, राजेन्द्रसिंह, **दार्चुला जिल्लाको लेकम गाउपालिकामा प्रचलित लोकगीतको अध्ययन**,अप्रकाशित अध्ययनपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि., २०७५ ।

**राष्ट्रिय जनगणना**, केन्द्रीय तथ्याङ्क विभाग, काठमाडौं : थापाथली, २०५८ ।

https://en.wikipedia.org/wiki/Baitadi_District